# वि.सं. २०६४ फागुन १ गतेदेखि १७ गतेसम्म तराईमा भएका विरोध प्रदर्शनहरूबाट उब्जिएका मानवअधिकारसम्बन्धी चिन्ताहरूको सारसङ्क्षेप

उच्चायुक्तको कार्यालय–नेपाल

मार्च २००८

## वि.सं. २०६४ फागुन १ गतेदेखि १७ गतेसम्म तराईमा भएका विरोध प्रदर्शनहरूबाट उब्जिएका मानवअधिकारसम्बन्धी चिन्ताहरूको सारसङ्क्षेप

### परिचय

वि. सं. २०६४ माघ २५ गते तीनवटा मधेशी राजनीतिक दलहरूको गठबन्धन "संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा" (यूडीएमएफ)[१]ले सरकारसँग आफूले राखेका मागहरूको[२] समर्थनमा फागुन १ गतेदेखि तराईव्यापी[३] बन्दको आह्वान गर्ने घोषणा गऱ्यो। आदिवासी समुदाय र सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा (एफआरएनएफ)[४]को गठबन्धन सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (एफडीएनएफ)[५] द्वारा सोही समयमा बन्दको आह्वान गरियो। सरकारसँगको सम्झौतापछि यूडीएमएफद्वारा आह्वान गरिएको बन्द फागुन १६ गते फिर्ता लिइयो र त्यस्तै खालका सम्झौतापछि अन्य बन्दहरू केही दिनपछि अन्त्य गरिए।

बन्दले तराईको अधिकांश भागमा दैनिक जनजीवन ठप्प पाऱ्यो र यसले बन्द समर्थक र नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल (सप्रब) दुवैबीच हिंसात्मक मुठभेड ल्यायो। चितवनबाहेक पूर्वाञ्चल, मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रका सबै तराई जिल्ला एवं मध्यपश्चिमाञ्चल क्षेत्रको बाँकै तथा अलि कम मात्रामा बर्दिया र दाङ जिल्ला प्रभावित भए। सुदूरपश्चिमाञ्चल क्षेत्रमा संयुक्त थारू राष्ट्रिय मोर्चा (यूटीएनएफ)द्वारा आह्वान गरिएको बन्द आंशिकरूपमा सफल भयो। दैनिक जनजीवनमाथि लगाइएका बन्देजहरूलाई, उदाहरणार्थ, विराटनगर, वीरगन्ज, नवलपरासी तथा नेपालगन्जमा लगाइएका कर्फ्युहरूले पनि झन जटिल बनाए।

यी घटनाले नेपालको सङ्क्रमणको अस्थिर प्रकृति र सरकार – खासगरी कानुन र सुव्यवस्था कायम राख्न जिम्मेवार निकायहरू जो प्रायः अपर्याप्त तालिम, संसाधन वा कार्यसञ्चालन कार्यविधिअन्तर्गत कठिन अवस्थामा कार्य गर्दछन् – ले सामना गर्नुपरेका चुनौतीहरूलाई चित्रित गर्दछन्।

उच्चायुक्तको कार्यालयका निष्कर्षअनुसार, प्रहरीसँग भएको मुठभेडको परिणामस्वरूप विरोध कार्यक्रमका क्रममा गोलीको घाउका कारण मृत्यु भएका पाँचजनासमेत छ सर्वसाधारणको मृत्यु भयो र सयौं घाइते भए। प्रदर्शनसँग सम्बन्धित एक घटनामा सप्रबका एक अधिकारी पनि मारिए तथा अनेकौं अन्य प्रहरी अधिकारीहरू अधिकांशतः विरोध प्रदर्शनकारीहरूद्वारा हानिएका ढुङ्गामुढाबाट घाइते भए।

सरकारसँग आमजनताको धनजनको सुरक्षा गर्ने र कानुन तथा सुव्यवस्था कायम राख्ने कर्तव्य हुन्छ। तिनलाई ती उद्देश्य पूरा गर्न तथा अन्य माध्यम अपर्याप्त भएमा र आवश्यक परेमा समानुपातिक बलको प्रयोग गर्ने अधिकार पनि हुन्छ। धेरै अवसरमा प्रदर्शनकारीहरूको व्यवहार यी विरोध कार्यक्रमका क्रममा हिंसात्मक र उत्तेजक थियो। प्रदर्शनकारीहरूले प्रहरीमाथि ढुङ्गामुढा गर्नुका साथै पेट्रोल बमसमेत प्रहार गरे र केही ठाउँमा त प्रहरी चौकीहरूमा अटुट आक्रमण गरे। प्रदर्शनकारीहरूले बन्दको अवज्ञा गर्ने स्थानीय सरकारी कार्यालय तथा निजी व्यापारव्यवसायमाथि पनि आक्रमण गरे र गाडीहरू तोडफोड गरे अथवा जलाए। एम्बुलेन्सलाई निर्बाधरूपमा आवतजावत गर्न दिइनेछ भन्ने सार्वजनिक घोषणाका बाबजुद तिनलाई प्रायः आवतजावत गर्न दिइएन र कतिपय एम्बुलेन्सहरू तोडफोड गरियो।

जिल्ला प्रशासनले प्रायः कठिन निर्णयहरू गर्नुपर्ने स्थितिको सामना गर्नुपरेको थियो र नेपाल प्रहरी र सप्रब दुवैका प्रहरी अधिकारीहरू निकै ठूलो दबाबमा परेका थिए। धेरै घटनामा उच्चायुक्तको कार्यालयले उत्तेजित बनाइँदा पनि उनीहरूले संयमका साथ काम गरेको देख्यो। त्यहाँ क्रियात्मक व्यवधानहरू पनि थिए। केही वरिष्ठ प्रहरी अधिकारीहरूले आफैलाई संरक्षण गर्न वा विरोध कार्यक्रमहरूलाई सम्हाल्न प्रहरीसँग पर्याप्त साधन नभएको तथा तिनले कहिलेकाहीं

---

[१] उपेन्द्र यादवद्वारा नेतृत्व गरिएको मधेशी जनअधिकार फोरम (एमपीआरएफ), राजेन्द्र महतोद्वारा नेतृत्व गरिएको सद्भावना पार्टी (एसपी) र महन्त ठाकुरद्वारा नेतृत्व गरिएको *तराई-मधेश लोकतान्त्रिक मोर्चा* (टीडीएमपी)।

[२] मागहरूमा सङ्घीय लोकतान्त्रिक गणराज्यभित्र स्वायत्त मधेशी राज्य स्थापनाका लागि संवैधानिक संशोधन तथा सेनालगायत राज्यका सबै अङ्गमा मधेशीहरूको यथोचित प्रतिनिधित्व पर्दछन्।

[३] व्यापारव्यवसाय, पसल, विद्यालय आदि बन्द हुने तथा सार्वजनिक यातायात नचल्ने आमहड्ताल।

[४] एफआरएनएफमा एफडीएनएफ, संयुक्त थारू राष्ट्रिय मोर्चा, र मधेशी जनअधिकार फोरम (विश्वास/गुप्ता), दलित जनजाति पार्टी, लोकतान्त्रिक मधेशी मोर्चा तथा मधेशी लोकतान्त्रिक मोर्चा सम्मिलित बृहत् मधेशी मोर्चा पर्दछन्।

[५] एफडीएनएफमा सङ्घीय लिम्बुवान राज्य परिषद् (लिङदेन) र तामाङसालिङ स्वायत्त राज्य परिषद् पर्दछन्।

पर्याप्त खाना र पानीबिना प्रायः लामो समयसम्म पालो नपाई काम गर्नुपरेको कुराको उच्चायुक्तको कार्यालयलाई जानकारी गराए।

यी महत्त्वपूर्ण सरोकारहरूलाई ध्यानमा राख्दै विरोध कार्यक्रमका सम्बन्धमा प्रहरीको कार्यले खासगरी घातक बललगायत प्रहरीद्वारा हुने बलको प्रयोगसँग सम्बन्धित मानवअधिकारसम्बन्धी गम्भीर चिन्ताहरू उठायो। बन्द गराउनाले आमजनताको आवतजावत गर्न पाउने स्वतन्त्रतालाई प्रभावित पार्‍यो, तर उच्चायुक्तको कार्यालय प्रहरीका कारबाहीले व्यक्तिको भेला हुन पाउने तथा आवतजावत गर्न पाउने अधिकारको उल्लङ्घन गर्‍यो भन्ने आरोपहरूबारे पनि चिन्तित भयो।

त्यस्तै खाले धेरै चिन्ता उच्चायुक्तको कार्यालयको २०६२/६३ चैत-वैशाखको जनआन्दोलनसम्बन्धी प्रतिवेदनमा उठाइएका थिए। यसले सार्वजनिक सुरक्षाका लागि जिम्मेवार निकायहरूमा संस्थागत सुधार एवं थप तालिम तथा अझ राम्रा साधनहरूको व्यवस्थासमेत गरेर सार्वजनिक अव्यवस्थालाई व्यवस्थापन गर्ने तरिकालाई सम्बोधन गर्नुपर्ने सरकारको निरन्तर आवश्यकतामाथि प्रकाश पार्दछ।

यस अवधिमा तराईमा असर पार्ने यी घटनाहरूको फलस्वरूप आमजनताका केही आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग पनि सीमित गरिए। उदाहरणार्थ, मानिसहरूले काम गर्न सकेनन् र कैयौं बालबालिका आफ्नो विद्यालय जान पाएनन् जसले गर्दा उनीहरूको विद्यालयमाथिको पहुँच बिथोलियो।

उच्चायुक्तको कार्यालय धेरैजसो विरोध कार्यक्रमका क्रममा उपस्थित थियो र यसले प्रशासन तथा प्रहरीको प्रतिक्रिया एवं बन्द समर्थकहरूको आचरणको अनुगमन गर्‍यो। उच्चायुक्तको कार्यालयले कानुनी कार्यविधि तथा थुनुवाहरूका अधिकारप्रतिको सम्मान सुनिश्चित गर्ने उद्देश्यले विरोध कार्यक्रमको क्रममा पक्राउ गरिएकाहरूको थुनाको पनि अनुगमन गर्‍यो। उच्चायुक्तको कार्यालयले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अन्मिन)सँग सहकार्य गर्नुका साथै मानवअधिकार रक्षक, पत्रकार, नागरिक समाजका सदस्य र राष्ट्रिय मानवअधिकार आयोग (आयोग)सँग निकट सम्पर्क कायम गर्‍यो। राष्ट्रिय मानवअधिकार आयोगले पनि निकटबाट स्थितिको अनुगमन गर्नुका साथै सरकारसमक्ष आफ्ना चिन्ताहरू जाहेर गरेको थियो। त्यसबाहेक, उच्चायुक्तको कार्यालयले राज्यअधिकारी तथा विरोध कार्यक्रमका नेताहरूसँग निकट सम्पर्क कायम गर्‍यो, तिनीहरूबीचको संवादलाई प्रवर्द्धन गर्‍यो र कतिपय अवसरमा हिंसा हुन नदिने वा न्यून गर्ने उद्देश्यले सकारात्मक हस्तक्षेप गर्‍यो। उच्चायुक्तको कार्यालय माथि उल्लिखित सबैको सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछ, जसले गर्दा उच्चायुक्तको कार्यालयले आफ्नो कार्यदिशअन्तर्गतका कार्यहरू गर्न सक्यो।

फागुन ८ गते, उच्चायुक्तको कार्यालयले हिंसाका बढ्दो रिपोर्टहरूप्रति चिन्ता जाहेर गर्दै एउटा प्रेस विज्ञप्ति जारी गर्‍यो। उच्चायुक्तको कार्यालयले विरोध कार्यक्रम गर्ने समूहहरूलाई शान्तिपूर्ण माध्यममात्र प्रयोग गर्न आह्वान गर्‍यो र कर्फ्युका समयमा लगायत बलको कुनै पनि प्रयोग पैदा भएको खतरासँग समानुपातिक हुने कुरा सुनिश्चित गर्न नेपाल प्रहरी तथा सप्रबलाई प्रदर्शनकारीहरूको जबाफमा संयमता अपनाउन आग्रह गर्‍यो। त्यस विज्ञप्तिले अघिल्लो दिन जारी गृहमन्त्रीको वक्तव्यलाई स्वागत गर्‍यो, जसले अन्य कुराका अतिरिक्त शान्ति र सुव्यवस्था कायम गर्न संयमता अपनाउन सरकारले प्रहरीलाई निर्देशन जारी गरेको कुरा उल्लेख गरिएको थियो। हिंसाप्रति चिन्ता जाहेर गर्दै तथा गृहमन्त्रीलाई बलको अत्यधिक प्रयोग हुन नदिने हरसम्भव उपाय अपनाउन तथा यूडीएमएफका नेताहरूलाई शान्तिपूर्ण माध्यमबाट तिनका गुनासाहरूलाई सम्बोधन गर्न अपिल गर्दै अन्मिनद्वारा फागुन ६ गते जारी प्रेस विज्ञप्तिपछि उच्चायुक्तको कार्यालयको प्रेस विज्ञप्ति जारी भएको थियो।

उच्चायुक्तको कार्यालयले कतिपय अवसरमा बन्द समर्थक र प्रहरीबीच भएका मुठभेडका क्रममा कहिलेकाहीं लाठीसहित बालबालिकाहरूको अग्रपङ्तिमा सहभागिता भएको देख्यो। उच्चायुक्तको कार्यालय र युनिसेफले फागुन १० गते हिंसात्मक विरोध र बन्दहरूमा बालबालिकाको सहभागिताप्रति चिन्ता प्रकट गर्दै एउटा संयुक्त प्रेस वक्तव्य जारी गरे।[६] ती निकायहरूले सबै पक्षलाई नेपालले हस्ताक्षर गरेको बालअधिकार महासन्धिका प्रावधान तथा निर्वाचन आचारसंहिताको सम्मान गर्न आग्रह गरे, जसमा प्रस्टरूपमा बालबालिकालाई राजनीतिक गतिविधिहरूमा जबरजस्ती, करकापमा पारेर वा घुस दिएर भाग लिन लगाउनु हुँदैन भनी उल्लेख गरिएको छ।

---

[६] यो मुद्दा अन्मिनद्वारा माघ २५ गतेको आफ्नो प्रेस विज्ञप्तिमा पनि उठाइएको थियो।

**सामान्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खाका**

**क) बलको प्रयोग**

अन्तर्राष्ट्रिय मापदण्डअनुसार,[८] कानुन पालना गराउने अधिकारीहरूले गैरकानुनी तर अहिंसात्मक सभाहरूलाई तितरबितर पार्दा उनीहरूले बलको प्रयोग गर्नबाट बच्नैपर्छ वा त्यसलाई व्यवहारमा उतार्न नसकिने भएमा बललाई आवश्यक न्यूनतम हदमा सीमित गर्नैपर्छ। हिंसात्मक सभालाई तितरबितर पार्न वा कर्फ्युको उल्लङ्घनलगायत अन्य आपराधिक कार्यमा प्रतिक्रिया दिन कानुन पालना गराउने अधिकारीहरूले (क) मृत्यु वा गम्भीर चोटपटको तत्काल भएको खतराका विरुद्ध आत्मरक्षा वा अरू मानिसको रक्षाका लागि, (ख) जीवनप्रति कुनै गम्भीर खतरा भएको विशेषखालको गम्भीर अपराध हुन नदिन, वा (ग) यस्तो खालको खतरा पैदा गर्ने र यस्तो खतरा रोक्ने वा तिनलाई भाग्न नदिने प्रयासहरूको प्रतिरोध गर्ने व्यक्तिलाई पक्रन आवश्यक भएमात्र बन्दुकको प्रयोग गर्न सक्छन्। कम कठोर माध्यमहरू अपर्याप्त भएमा तथा जीवनको संरक्षण गर्न बन्दुकको प्रयोगलाई एकदम टार्नै नसकिने भएमात्र तिनको प्रयोग गरिनुपर्छ। कुनै पनि प्रकारको बलको प्रयोग आवश्यकता र समानुपातिकताको सिद्धान्तबाट निर्देशित हुनैपर्छ। अहिंसात्मक माध्यमहरू निष्प्रभावी भएमा मात्र तथा स्थितिले माग गरेको हदसम्ममात्र बलको प्रयोग गर्न सकिन्छ।

नेपाली कानुनअनुसार,[९] जिल्लास्तरमा शान्ति, सुव्यवस्था तथा सुरक्षा कायम राख्न प्रमुख जिल्ला अधिकारी (प्रजिअ) जिम्मेवार हुन्छन्। शान्ति बिथोल्ने, सरकारी वा निजी सम्पत्तिमा अनधिकृत प्रवेश गर्ने वा क्षति पुऱ्याउने वा अत्यावश्यक सामाजिक सेवाको सञ्चालनमा बाधाअवरोध पुऱ्याउनेलगायतका निषेधित कार्य गर्ने जोसुकैलाई पक्रने अधिकार प्रहरीलाई दिइएको छ।[१०]

स्थानीय प्रशासन ऐन २०२८ र आवश्यक वस्तु संरक्षण ऐन २०१२ ले अन्तर्राष्ट्रिय मापदण्डअन्तर्गत छुट पाएका स्थितिहरूबाहेकका स्थितिमा बन्दुकको प्रयोग गर्न अनुमति दिएको देखिनु चिन्ताको कुरा हो। स्थानीय प्रशासन ऐनले प्रदर्शनमा सार्वजनिक सुव्यवस्था भङ्ग भएको वा भङ्ग हुनसक्ने स्थितिमा निवारक तथा क्रमिक प्रतिक्रिया दिने व्यवस्था गरेको छ। प्रहरीले सुव्यवस्था पुनर्बहाली गर्न स्थितिअनुसार लाठी, रबरका गोली, हवाई फायर गर्ने, अश्रुग्यास हान्ने तथा पानीका फोहोरा फ्याँक्नेलगायतका बल प्रयोग गर्न सक्छ। त्यति गर्दा पनि शान्ति पुनर्बहाली गर्न सकिएन भने प्रजिअबाट लिखित आदेश पाएपछि र भिड तितरबितर नभएमा उनीहरूमाथी गोली चलाइनेछ भनी चेतावनी दिएपछि प्रहरीले गोली चलाउन सक्नेछ। तर, लिखित आदेश जारी गर्न समय छैन भने प्रजिअले मौखिक आदेश दिन सक्छन् र त्यसको २४ घण्टाभित्रमा लिखित आदेश दिनुपर्छ। 'हिंसात्मकरूपमा कर्फ्युको उल्लङ्घन गरिरहेका' व्यक्ति/समूहलाई प्रहरीले देख्नेबित्तिकै गोली हान्ने प्रावधान भए तापनि गोली चलाउँदा प्रहरीले सामान्यतया घुँडादेखि मुनिमात्र हान्न पाउँछ। आवश्यक वस्तु संरक्षण ऐनले वरिष्ठ प्रहरीलाई आवश्यक वस्तुलाई ध्वस्त गर्ने वा त्यसो गर्न खोज्ने तथा पक्राउबाट भाग्न खोजिरहेको व्यक्तिलाई पक्राउ गर्न आवश्यक भएमा 'सकेसम्म घुँडादेखि मुनि' गोली हान्न बन्दुकको प्रयोग गर्न वा त्यसो गर्न आदेश दिने अधिकार दिएको छ। 'आवश्यक वस्तु' भन्नाले राजमार्ग र पेट्रोल स्टेसनसमेत पर्दछन् भनी परिभाषा गरिएको छ।[११]

**ख) शान्तिपूर्णरूपमा विरोध गर्न पाउने अधिकार**

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिअन्तर्गत सबै व्यक्तिलाई 'शान्तिपूर्णरूपमा भेला हुन पाउने' अधिकार र आवतजावत गर्न पाउने स्वतन्त्रता रहेको छ। राज्यलाई कानुनद्वारा 'राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक सुव्यवस्था, सार्वजनिक स्वास्थ्यको संरक्षण वा नैतिक आचरण वा अरूका अधिकार तथा स्वतन्त्रताको संरक्षणका खातिर' आवश्यक भएसम्म यी अधिकार सीमित गर्ने छुट दिइएको छ। कर्फ्यु लगाउने अधिकार नेपाली

---

[८] कानुन पालना गराउने अधिकारीहरूद्वारा बलको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा कानुन पालना गराउने अधिकारीहरूका लागि आचारसंहिता

[९] स्थानीय प्रशासन ऐन

[१०] केही सार्वजनिक (अपराध तथा सजाय) ऐन

[११] आवश्यक वस्तु संरक्षण ऐनअन्तर्गत बलको प्रयोगबाट व्यक्तिको मृत्यु भएमा त्यो अधिकारीले सजायबाट उन्मुक्ति पाउँछ र यसरी फौजदारी दायित्वबाट मुक्त हुन्छ भन्ने कुरालाई ध्यानमा राख्ने।

कानुनमा स्थापित गरिएको छ। तर, आमजनताको दैनिक जीवनमा पर्ने कर्फ्युको असरलाई हेर्दा 'आवश्यक' परेको वा 'लोकतान्त्रिक समाजमा आवश्यक परेको' ठाउँमा मात्र कर्फ्युको प्रयोग गरिनु महत्त्वपूर्ण हुन्छ।

## मानवअधिकार उल्लङ्घन

*बाँच्न पाउने अधिकार*

यस अवधिमा भएका सर्वाधिक गम्भीर उल्लङ्घनहरूमा बाँच्न पाउने अधिकारसँग सम्बन्धित उल्लङ्घनहरू थिए। उच्चायुक्तको कार्यालयले विरोध प्रदर्शनका क्रममा भएका छ सर्वसाधारणको मृत्यु - सबै पुरुष - को अनुसन्धान गऱ्यो : फागुन ५ गते नेपालगन्जमा, फागुन ७ गते सिरहा जिल्लामा, फागुन १३ गते सप्तरी जिल्लामा (दुईजना), फागुन १४ गते नवलपरासी जिल्लामा र फागुन १५ गते सुनसरी जिल्लामा। उच्चायुक्तको कार्यालयका निष्कर्षले प्रहरीले चलाएको गोलीको परिणामस्वरूप पाँचजनाको र लाठीले हिर्काउँदा लागेको चोटपटकको परिणामस्वरूप एकजनाको मृत्यु भएको जनायो। प्रहरीको गोलीबाट मृत्यु भएका घटनाहरूका सम्बन्धमा, अधिकांश घटनामा घातक बलको प्रयोगलाई उचित ठहऱ्याउन नसकिने प्रारम्भिक निष्कर्षमा उच्चायुक्तको कार्यालय पुगेको छ। प्रहरीबाट चलाइएको गोलीबाट भएको घाउका लागि कम्तीमा तीस सर्वसाधारणको अस्पतालमा उपचार गरियो : गोलीबाट लागेका अधिकांश चोटपटक घुँडादेखि माथि लागेका थिए। केही अस्पतालले ठ्याक्कै सङ्ख्या दिन नसकेको हुनाले यो तथ्याङ्क अझ बढी पनि हुन सक्छ। वरिष्ठ प्रहरी अधिकारीहरूले कतिपय अवसरमा टाउकामा लाठीले हान्ने चलनलाई रोक्ने प्रतिबद्धता व्यक्त गरेका भए तापनि धेरै विरोध प्रदर्शनकारीलाई लाठीको कुटाइले गर्दा टाउकामा चोट लागेको थियो।

प्रहरीद्वारा प्रदर्शनकारीहरूमाथि सीधै धातुको गोली चलाइएका अधिकांश घटनामा उच्चायुक्तको कार्यालयद्वारा लिइएका जानकारीले प्रहरीले नेपालको राष्ट्रिय कानुन वा अन्तर्राष्ट्रिय कानुनी मापदण्डको सदैव पालना नगरेको देखायो। अन्तर्राष्ट्रिय मापदण्ड तथा स्थानीय प्रशासन ऐनले माग गरेझैं धातुको गोली सीधै प्रयोग गर्नुभन्दा अगाडि विरलै स्पष्ट चेतावनी दिइएको पाइयो तथा भिड नियन्त्रणका अन्य सबै विधिको सधैं पूर्णरूपमा प्रयोग गरिएको थिएन। त्यसबाहेक, अधिकांश घटनामा जीवनप्रति वा गम्भीर चोटपटकको कुनै तत्काल वा गम्भीर खतरा देखिएन। प्रहरीको गोली लागेर मृत्यु भएका पाँचजनामध्ये तीनजना विरोध प्रदर्शनमा सक्रियरूपमा सहभागी नबनेको पाइएकाले तिनले जीवनप्रति कुनै पनि खालको खतरा पैदा गर्न सम्भव थिएन। छवटा घटनाको विस्तृत सारसङ्क्षेप परिशिष्टमा दिइएको छ।

विभिन्न जिल्लामा प्रहरीद्वारा जारी कर्फ्यु आदेशका शब्दावली अति सामान्य थिए र तिनले कर्फ्युको समयमा बन्दुकको प्रयोगका सम्बन्धमा प्रहरीलाई व्यापक स्वविवेकीय अधिकारका थिए, जसको परिणामस्वरूप बाँच्न पाउने अधिकारको उल्लङ्घन हुने खतरा भयो। बाँके जिल्लाका प्रजिअद्वारा फागुन ५ गते जारी कर्फ्यु आदेशमा '....आवतजावत वा निषेधित क्षेत्रमा कामकुरा गरेमा सुरक्षा निम्ति खटिएको सुरक्षाकर्मीले गोलीसमेत चलाउन सक्ने....' भनी उल्लेख गरिएको थियो। त्यसै दिन गुल्जार खाँ नामका एक २५ वर्षीय निर्माण मजदुरलाई नेपालगन्जको गहसमन्डीमा ज्यान जाने गरी गोली हानियो।

त्यसैगरी, मोरङका प्रजिअले फागुन ७ गते कर्फ्यु आदेश जारी गरे जसमा '....यो कर्फ्यु आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले गोलीसमेत हान्न सक्ने....' भन्ने कुरा उल्लेख थियो। पर्सा जिल्लाका प्रजिअले फागुन १४ गते जारी गरेको कर्फ्यु आदेशमा '....उक्त क्षेत्रमा कसैले आवतजावत गर्न, भेला जम्मा हुन र अन्य कुनै पनि कार्य गर्न नपाउने र कसैले कर्फ्यु आदेशको उल्लङ्घन गरेमा सुरक्षार्थ खटिएको सुरक्षाकर्मीले आवश्यकतानुसार आफ्नो नियन्त्रणमा लिने वा गोली हान्न सक्ने' भनी उल्लेख गरिएको थियो।

प्रजिअको आदेशमा कर्फ्यु लागू गर्न प्रहरीले बलका अन्य सबै गैरघातक साधन प्रयोग गरिसकेपछि आफूले आवश्यक ठानेमा मात्र बन्दुकको प्रयोग गर्न सक्छन् भन्ने स्थानीय प्रशासन ऐनका प्रावधान उद्धृत गर्न यी कर्फ्यु आदेश विफल भए।[१२] त्यसबाहेक, प्रहरी बलले बन्दुकको प्रयोग गर्नुभन्दा अघि स्पष्ट चेतावनी दिनुपर्छ भनी कर्फ्यु आदेशमा उनीहरूलाई निर्देशन दिइएको छैन। यस्ता कुराहरू उल्लेख नहुनाले कुनै खास क्षेत्रमा कर्फ्यु लगाइसकेपछि क्रमिकरूपमा बलको प्रयोग गर्ने आफ्नो कानुनी दायित्व हुँदैन भनी प्रहरी कर्मचारीमध्ये केहीको सोच्ने प्रवृत्ति हुन्छ। उच्चायुक्तको कार्यालयले यस मुद्दालाई गृहसचिवसँग उठाउँदा, उनले कर्फ्यु आदेश कर्फ्युको सार्वजनिक सूचना भएको

---

[१२] पहिले उल्लेख गरिएझैं, स्थानीय प्रशासन ऐन (२०२८)को यो प्रावधान बलको प्रयोगका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप छैन।

तर प्रजिअकै विशेष निर्देशनमा मात्र बन्दुकको प्रयोग गर्ने प्रहरीको दायित्व रहेको कुरा बताए। तर, यस सम्बन्धमा कार्यमा खटिएर जाँदाको अवस्थामा केही भ्रम रहेको देखिन्छ।

कर्फ्यु लगाइएको कुरा प्रजिअद्वारा सधैं स्पष्ट वा व्यवस्थितरूपमा प्रसारण गरिएको थिएन तथा प्रहरीले प्रायः कर्फ्युको उल्लङ्घन गर्ने व्यक्तिहरूलाई / उल्लङ्घन जानीबुझी गरिएको होस् वा नहोस् / अत्यधिक र अनावश्यक तरिकाले चाँडो कारबाही गरिहाल्थे। फागुन ८ गते वीरगन्जवासीहरूलाई कर्फ्युको समयबारे खबर गर्न प्रयोग गरिने रेडियो स्टेसनहरूलाई त्यस दिन कर्फ्युको समयको जानकारी दिन जिल्ला प्रशासन कार्यालय (जिप्रका) विफल भएको उच्चायुक्तको कार्यालयले पायो। अनजानमा कर्फ्यु उल्लङ्घन गरेकोमा त्यस दिन बिहान प्रहरीद्वारा कम्तीमा तीनजना मानिस पिटिए जसमध्ये सप्रबका एक अधिकारीको पिटाइबाट प्रातकालीन हिँडाइमा गइरहेका बेला खुट्टा भाँचिएका एकजना मानिस पनि थिए। एक पत्रकारले आफूले त्यस दिन सडक पार गर्न खोज्ने एक युवकलाई कुटपिट गर्नबाट सप्रबलाई रोकेको जानकारी उच्चायुक्तको कार्यालयलाई गराए।

*शारीरिक अखण्डताप्रतिको अधिकार*

प्रहरीले कठिन तथा निराशाजनक स्थितिको सामना गरे र प्रायः उनीहरू स्वयं हिंसाको निसाना बनेका थिए। केही घटनामा प्रहरीले निकै संयम अपनाएको तथा कठिन अवस्थामा हिंसात्मक भिडलाई नियन्त्रण गर्न सुहाउँदो बलको प्रयोग गरेको उच्चायुक्तको कार्यालयले पायो। अन्य घटनामा, उच्चायुक्तको कार्यालयले प्रहरीले आफ्नो नियन्त्रणमा आइसकेका, खतरा पैदा गर्न छोडिसकेका वा विरोध प्रदर्शनमा समेत संलग्न नभएका मानिसमाथि अनावश्यक तथा असमानुपातिक बल प्रयोग गरेको देख्यो। उच्चायुक्तको कार्यालयले प्रहरीले प्रदर्शनकारीमाथि तिनले फ्याँकेकै ढुङ्गा फर्काएको तथा बेलाबेलामा गुलेली हानेको पनि देख्यो।

धनुषा जिल्लाको एउटा अस्पतालबाट प्राप्त तथ्याङ्कले विरोध प्रदर्शनका क्रममा भएको हिंसाको स्तरलाई चित्रित गर्दछ। फागुन १४ गतेसम्ममा अस्पतालले सातजना धातु वा रबरको गोली लागी घाइते भएका, २७२ जना लाठी, ढुङ्गा वा शारीरिक आक्रमणद्वारा घाइते भएका, सातजना अश्रुग्यासबाट घाइते भएका र एकजना पोलेको घाउ भएका सहित जम्मा २८१ जनालाई दर्ता गरेको थियो।

उच्चायुक्तको कार्यालयले प्रहरीले विरोध प्रदर्शनकारीहरूलाई प्रायः टाउका वा शरीरका माथिल्लो भागमा अत्यधिक तथा हिंसात्मक तरिकाले लाठीले पिटेको देख्यो। यसको परिणामस्वरूप टाउकामा गम्भीर चोट लागेका अनेकौं प्रदर्शनकारीलाई उच्चायुक्तको कार्यालयले अवलोकन गर्‍यो र तीमध्ये केहीको हड्डी भाँचिएको थियो। फागुन ५ गते नेपालगन्जमा उच्चायुक्तको कार्यालयले कम्तीमा तीनवटा घटना देख्यो जसमा प्रहरीले आफ्नो नियन्त्रणमा भएका विरोध प्रदर्शनकारीहरूलाई चरमरूपमा पिटेका थिए। एउटा घटनामा उच्चायुक्तको कार्यालयले २० जनाभन्दा बढी प्रहरीको एउटा समूहले एक प्रदर्शनकारीलाई घेरेर ऊ जमिनमा लडिरहँदा निजलाई बारम्बार लाठीले हिर्काएको देख्यो।

उच्चायुक्तको कार्यालयले प्रहरीले विरोध प्रदर्शनकारीलाई खोज्दै निजी घरभित्र पसेर बाल, वृद्धालगायत त्यहाँका बासिन्दामाथि आक्रमण गरेको अनेकौं रिपोर्टहरू प्राप्त गर्‍यो। फागुन ५ गते सप्रबका कर्मचारी नेपालगन्जको (बाँके जिल्ला) मुख्य बजार क्षेत्रमा भएको यूडीएमएफको हिंसात्मक र्‍यालीमा प्रदर्शनकारीहरूको खोजीमा वार्ड नं. १४ को मधेशीहरूको बसोबास भएका भित्री सडकभित्र पसे। सप्रबका अधिकारी योजनाबद्धरूपमा जबरजस्ती घरभित्र पसे, पुरुष, महिला तथा बालबालिकालगायत स्थानीयबासीलाई तिनका घरमा लाठीले जथाभावी आक्रमण गरे र पाँचवटा पानी तान्ने पम्पसहित सम्पत्तिको क्षति गरे। उच्चायुक्तको कार्यालयले टाउकामा गम्भीर चोट लागेका तीनजना बासिन्दा र ढाड तथा नितम्बलगायतका ठाउँमा लाठीबाट चोटपटक लागेका पाँचजनाको अवलोकन गर्‍यो।

बाँके जिल्लामा पनि फागुन ८ गते नेपालगन्जतर्फ गइरहेको लगभग २०० जना स्थानीयबासीको र्‍यालीमा भएको हिंसापछि सप्रबका २०-२५ जना अधिकारीहरूको समूहले प्रदर्शनकारीहरूलाई जइसपुर गाविसको आवास क्षेत्रमा लखेटेर लगेको र कम्तीमा पाँच राउन्ड अश्रुग्यास एवं धातुका गोली प्रहार गरेको भनियो। सप्रबका अधिकारीले घरघरभित्र पसी घरायसी सामानमा क्षति पुर्‍याएको तथा रकमलगायत केही वस्तु चोरेर लगेको भनियो। सप्रबका अधिकारीलाई आफ्ना घरबाट रकम लुट्नबाट रोक्न खोज्दा एक ६० वर्षीय वृद्धालाई तिनले नितम्बमा गोली हानेको भनियो। उनका श्रीमानलाई टाउकामा चोट लाग्यो र कतिपय अरू स्थानीयबासीहरू लाठीको हिर्काइबाट घाइते भए भनियो।

रौतहट जिल्लामा विरोध प्रदर्शनकारीहरूले निर्वाचन सामग्री बोकेको हेलिकप्टरलाई फागुन १० गते अवतरण गर्न नदिन खोज्दा भएको झडपपछि त्यस ठाउँबाट हिँडेर १५ मिनेटको दूरीमा बस्ने बासिन्दाहरूले सप्रबका कर्मचारीहरू आफ्नो घरमा जबरजस्ती पसेको र त्यहाँ बस्नेहरूलाई शारीरिकरूपमा आक्रमण गरेको कुरा बताए। कतिपय विद्यार्थीलाई पनि नजिकैको विद्यालयको छात्रावासबाट निकालेर लाठी तथा बन्दुकको कुन्दाले पिटिएको आरोप लगाइयो। वीरगन्ज (पर्सा जिल्ला) मा सप्रबका अधिकारीहरूले फागुन २० गते मुरली पोखराका दुई घरमा जबरजस्ती पसी सम्पत्ति तोडफोड गरेको र एक दसवर्षीय बालकसहित कम्तीमा तीनजनालाई कुटपिट गरेको भनियो। उच्चायुक्तको कार्यालय एउटा घरमा पुग्दा भुइँमा रगत अझै देख्न सकिन्थ्यो जहाँ एकजना पुरुषलाई ओछ्यानमा पिटिएको थियो भनियो। सप्रबका कर्मचारीहरूले सिरहा जिल्लाको गोलबजार र मिर्चैयाका बासिन्दाहरूलाई तिनका आफ्ना घरमा फागुन ४-७ गतेका बीचमा र सप्तरी जिल्लाको मलेठ गाविसका बासिन्दाहरूलाई फागुन १४ गते कुटपिट गरेको भन्ने आरोपहरूको पनि उच्चायुक्तको कार्यालयले पुष्टि गर्‍यो। उच्चायुक्तको कार्यालयले प्रजिअसँग पछिल्लो घटनाबारे चिन्ता उठाएपछि, उनले सप्रबलाई सो क्षेत्र छाड्न निर्देशन दिए।

फागुन ७ गते, सप्रबमाथि धनुषा जिल्ला निर्वाचन कार्यालयनजिक एउटा र्‍यालीमा भाग लिइरहेका सर्वसाधारणलाई घेरेर लाठीचार्ज गर्दै एउटा पोखरीतर्फ लगेको आरोप लगाइयो। चारजनालाई लखेटेर सप्रबले लात्तले हान्दै पोखरीमा खसालेको आफूले देखेको विवरण एकजना साक्षीले दिए। पोखरीमा खसेको कसैलाई मद्दत गर्न प्रत्यक्ष संलग्न हुँदा आफूलाई पनि कुटिएको एकजना मानवअधिकार रक्षकले उच्चायुक्तको कार्यालयलाई बताए। सप्रबले त्यसपछि १५-२० वटा घरतर्फ सर्वसाधारणहरूलाई लखेटेर त्यहाँका बासिन्दाहरूलाई जथाभावीरूपमा कुटेको भनियो। यस घटनापछि तथा त्यसमा सशस्त्र प्रहरी बलको आलोचना भएपछि प्रहरीले आफ्नो रणनीति बदल्यो, प्रहरी, विशेषगरी सशस्त्र प्रहरी बल, को प्रत्यक्षता तथा उपस्थिति घटायो र परिणामस्वरूप विरोध प्रदर्शनकारी र प्रहरीबीचको तनाव घट्यो।

धनुषा, महोत्तरी तथा रौतहट र बाँके जिल्लामा विरोध कार्यक्रमको समाचार सङ्कलन गरिरहेका वा फोटो खिचिरहेका पत्रकारहरूविरुद्धको प्रहरी आक्रमणका सन्दर्भमा शारीरिक अखण्डताको उल्लङ्घन भएको भनियो। तिनमा शारीरिक आक्रमण, मौखिक दुर्व्यवहार तथा फोटोग्राफरका क्यामराबाट लिइएका फोटो मेटिदिएका आरोपहरू पर्दछन्। रौतहट जिल्लाको गरुडा गाविसमा स्थानीय जनतामाथि सप्रबका कर्मचारीहरूले दुर्व्यवहार गरेको भनिएको तस्बिर लिएपछि चारजना पत्रकारलाई फागुन १४ गते सप्रबका कर्मचारीद्वारा कुटपिट गरेको भनियो। फागुन ६ गते अपराह्न करिब ५ बजे प्रहरी अधिकारीहरू धनुषास्थित मिथिलाञ्चल एफएम रेडियो स्टेसनमा छिरी कर्मचारीलाई लाठी चार्ज गर्नुका साथै उनीहरूलाई मौखिक दुर्व्यवहार गरी प्रसारण रोकिदिने धम्की दिएको भनियो। उनीहरूले एकजना सञ्चारकर्मीलाई करिब १५ मिनेट थुनी लाठीले कुटेको पनि भनियो। प्रहरी व्यवहारबारे दुई अन्य पत्रकारले गुनासो गरेपछि पत्रकार तथा मानवअधिकार रक्षकहरूले प्रजिअ तथा वरिष्ठ प्रहरी अधिकारीहरूलाई भेटी आफ्ना चिन्ताहरूलाई सम्बोधन गर्न भने। प्रहरीले क्षमायाचना गरेको भनियो र प्रजिअले आरोपहरूबारे अध्ययन गर्न एउटा अनुसन्धान समिति गठन गरे।

प्रहरीद्वारा पक्राउ गरिएका केही घाइते विरोध प्रदर्शनकारीको उपचारमा उचित ध्यान दिइएन। यूडीएमएफको हिंसात्मक र्‍यालीपछि नेपालगन्जमा फागुन ५ गते पक्राउ गरिएका कम्तीमा आठजनालाई जिप्रका परिसरमा उनीहरूको प्रारम्भिक थुनाका क्रममा पर्याप्त औषधोपचार सेवा दिइएन। छजनालाई टाउकोमा गम्भीर चोटपटक लागेको थियो र अन्य दुईजनालाई श्वासप्रश्वासको समस्या थियो। प्रारम्भमा उनीहरूलाई चिकित्सा सहायकहरूद्वारा प्राथमिक उपचार उपलब्ध गराइयो र उच्चायुक्तको कार्यालयको आग्रहमा प्रजिअले जिप्रकाको अगाडि रहेको अस्पतालमा उनीहरूलाई स्थानान्तरण गर्न आदेश दिए। खुट्टा भाँचिएको निदान गरिएको एक पुरुष थुनुवालाई ७२ घण्टासम्म उपचारका लागि लगिएन।

प्रहरीले कम्तीमा तीनपटक अस्पताल परिसरमा अश्रुग्यास प्रहार गरेको भन्ने आरोप पनि उच्चायुक्तको कार्यालयले प्राप्त गर्‍यो। फागुन ६ गते बिरामीहरूलाई आपत्कालीन कक्षबाट हटाउन चिकित्सा कर्मचारीहरूलाई बाध्य पार्ने गरी प्रहरीले जनकपुर अञ्चल अस्पताल परिसरमा तीन राउन्ड अश्रुग्यास प्रहार गरेको आरोप लगाइयो। फागुन १३ गते, सप्रबका एक निरीक्षकको कमान्डमा रहेका नेपाल प्रहरी तथा सप्रब कर्मचारी राजविराजस्थित अस्पतालमा प्रवेश गरी तिनले उपचारका लागि वा अन्यलाई मद्दत गर्न त्यहाँ आएका यूडीएमएफका समर्थकहरूलाई तितरबितर पार्न अस्पताल परिसरभित्र अश्रुग्यास प्रहार गरे। प्रत्यक्षदर्शीका अनुसार, आपत्कालीन कक्षमा गई प्रहरीले अस्पतालका कर्मचारीहरूलाई पक्षपाति भएको र घाइते प्रहरीको उपचार गर्न विफल भएको आरोप लगाए। फागुन १० गते

सिरहामा, करिब ५० जना प्रहरी कमर्चारी अस्पताल - आपत्कालीन कक्षमा सहित - मा आई उपचार गराइरहेका विरोध प्रदर्शनकारीलाई कुटेको भनियो।

*स्वेच्छाचारी पक्राउ तथा थुनाविरुद्धको स्वतन्त्रता*
आपराधिक कार्यमा संलग्न विरोध प्रदर्शनकारीसहित प्रहरीद्वारा पक्राउ गरिएका अधिकांश विरोध प्रदर्शनकारी छोटो अवधिपछि रिहा गरिए। उदाहरणार्थ, फागुन १३ गते राजविराजस्थित जिल्ला निर्वाचन कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता गर्न अवरोध पुऱ्याउने ९० जना भन्दा बढी यूडीएमएफ कार्यकर्ताहरू प्रहरीद्वारा पक्राउ गरिए तर सोही साँझ रिहा गरिए।

पक्राउ गरिएकामध्य धेरैजनाको घटनामा कानुनी प्रक्रियाप्रतिको सम्मानको सामान्य अभाव रहेको उच्चायुक्तको कार्यालयले पायो। उदाहरणार्थ, नेपालगन्जमा, फागुन ५ गतेको हिंसात्मक ऱ्यालीका क्रममा सार्वजनिक अपराध ऐनअन्तर्गतको कसुरका निम्ति फागुन ५ र ६ गते ३१ जनालाई पक्राउ गरियो। जिल्ला प्रहरी कार्यालय (जिप्रका)मा स्थानको अभाव भएकाले यीमध्ये १८ जनालाई असामान्य स्थान (व्यायामशाला नेपाल प्रहरी दङ्गा नियन्त्रण अतिरिक्त शिविर)मा थुनिएको थियो। उच्चायुक्तको कार्यालयले उनीहरूलाई आफू पक्राउ पर्नुको कारणबारे जानकारी नदिइएको र २४ घण्टाभित्र पक्राउ वा थुना पुर्जी पनि नदिइएको पायो। यसले न स्थानीय प्रशासन ऐनमा व्यवस्था गरिएअनुसार प्रजिअसमक्ष नै, न अन्तरिम संविधानअनुसार २४ घण्टाभित्र अदालतसमक्ष नै उनीहरूलाई उपस्थित गराइएको पायो। चैत १५ गतेसम्ममा सबै १८ जना थुनुवालाई बिना कुनै अभियोग रिहाइ गरियो।

*थुनामा यातना तथा अभद्र व्यवहार*
उच्चायुक्तको कार्यालयले प्रहरीद्वारा पक्राउ गरिएपछि र प्रहरी हिरासतमा रहँदा विरोध प्रदर्शनकारीमाथि गम्भीर अभद्र व्यवहार गरेको भन्ने आरोप प्राप्त गऱ्यो र केही घटनामा घाइते विरोध प्रदर्शनकारीलाई अस्पतालको कक्षबाट पक्राउ गरिएकोमा यो कार्यालय चिन्तित भयो।

सबैभन्दा पछिल्ला घटनामध्ये एउटामा, रौतहटमा फागुन १३ गते सप्रबका कर्मचारीले शिवनगर गाविसस्थित गरुडानजिक विरोध कार्यक्रमका क्रममा दुई छुट्टाछुट्टै घटनामा दुईजनालाई पक्राउ गरे। पक्राउ गर्दा तथा रातभर सप्रबको हिरासतमा राखिँदा दुवैजनालाई लाठी तथा बन्दुकको कुन्दाले चरमरूपमा कुटिएको आरोप लगाइयो। अर्को दिन नेपाल प्रहरीलाई हस्तान्तरण गरिएपछि उनीहरूलाई अस्पताल लगियो। टाउकामा लागेको गम्भीर चोटपटक तथा धेरै घाउका बाबजुद उनीहरूलाई पुनः जिप्रकामा लगियो र दुवै थुनुवाको अवस्था बिग्रेपछि केही घण्टापछि पुनः अस्पताल फर्काइयो।

*भेला हुन पाउने स्वतन्त्रता*
केही घटनामा प्रहरीले शान्तिपूर्ण ऱ्यालीहरूलाई बिथोलेको भनियो। फागुन ५ गते पर्सा जिल्लाको वीरगन्जमा प्रहरी अधिकारीहरू - अधिकांश सप्रबका - ले यूडीएमएफको एउटा शान्तिपूर्ण ऱ्यालीलाई तितरबितर पार्न लाठीचार्ज तथा अश्रुग्यास प्रहार गरेको केही साक्षीहरूले बताए। आक्रमणमा पर्दा ऱ्यालीका सहभागीहरू घण्टाघर छेउमा मा ब्यानर र लाउड स्पिकर राख्दै थिए। प्रहरीलाई ऱ्याली शान्तिपूर्ण छ भनेर व्याख्या गर्न प्रयास गर्ने एक साक्षीले पनि कुटाइ खाए। ऱ्यालीका सहभागीहरूले ढुङ्गा हान्न थालेपछि मात्र प्रहरीले आक्रमण गरेको कुरा प्रजिअ तथा नेपाल प्रहरीले पछि जिकिर गरे।

*निष्पक्षता कायम राख्नमा विफलता*
केही स्थानमा, प्रदर्शनहरूमा प्रहरीले आफ्नो कार्य गर्दा निष्पक्षताका साथ काम गर्न विफल भएको उच्चायुक्तको कार्यालयले अवलोकन गऱ्यो। उदाहरणार्थ, विराटनगरमा फागुन ७ गते केही सय युवाहरू भेला भएर अधिकांश मधेशीहरू बसेको टोल सरौचिया क्षेत्रमा ढुङ्गामुढा गर्नुका साथै धनसम्पत्ति तोडफोड गरेको उच्चायुक्तको कार्यालयले अवलोकन गऱ्यो। प्रहरीले हेऱ्यो तर सकारात्मक हस्तक्षेप गरेन; केही त ढुङ्गामुढा हान्नमा सहभागी समेत बने। फागुन ९ गते उच्चायुक्तको कार्यालयले मधेशी प्रदर्शनकारी र ढुङ्गामुढा गर्ने युवाहरूले साथ दिइरहेका सप्रबका कर्मचारीबीचको मुठभेड अवलोकन गऱ्यो र यो क्रम अपराह्न ५ बजे त्यस क्षेत्रमा कर्फ्यु लगाएको केही बेरसम्म जारी रह्यो।

पाँचजनाभन्दा बढी भेला हुन नपाउने गरी प्रजिअहरूद्वारा निषेधाज्ञा जारी गरिएका कपिलवस्तु र रूपन्देही जिल्लामा ती आदेश निष्पक्षरूपमा लागू नगरिएको उच्चायुक्तको कार्यालयले अवलोकन गऱ्यो। ती निषेधाज्ञा बन्द समर्थकहरूविरुद्ध लगाइएको भए तापनि सात दलीय गठबन्धन (सात दल)लाई रूपन्देही र कपिलवस्तुमा 'सद्भाव ऱ्याली' गर्न अनुमति दिइएको थियो। प्रहरीले विभिन्न राजनीतिक दलहरूलाई जिल्ला निर्वाचन कार्यालयमा आफ्ना उम्मेदवारहरूको सूची पेस गर्दा ऱ्याली निकाल्न पनि दियो।

पर्सा जिल्लाको मुरली चोकमा फागुन ८ गते, पहिले नै तनावपूर्ण रहेको स्थितिलाई मधेशी विरोध प्रदर्शनकारीविरुद्ध नेपाल प्रहरीले गरेको अपमानजनक भाषा प्रयोगले अझ बिगारेको उच्चायुक्तको कार्यालयको अनुसन्धानले देखायो।

***जवाफदेहीता***

भविष्यमा मानवअधिकार उल्लङ्ल्ङ्घन हुन नदिने हो भने उल्लङ्घन तथा दुर्व्यवहारका पीडकहरूलाई जवाफदेही बनाउनैपर्छ भनेर उच्चायुक्तको कार्यालयले एकनासले भनेको छ। जसले गरेको भए तापनि आपराधिक कार्यको अनुसन्धान गरिनुपर्छ र कानुनको उचित प्रक्रियाअनुसार अभियोजन गरिनुपर्छ। नेपालमा अहिलेको जवाफदेहीताको अभावको अर्थ प्रहरी अधिकारीलगायत कानुन तोड्ने व्यक्तिहरू आफूलाई कारबाही हुने सम्भावना छैन भन्ने जानेर त्यसो गर्न सक्छन भन्ने हो। यसले प्रहरीको प्रभावकारिता तथा विश्वसनीयता घटाउँछ र अरूलाई सत्य र न्यायप्रतिको उनीहरूको अधिकार अस्वीकार गर्दछ।

प्रहरी कारबाहीले गर्दा ज्यान गएका घटनाहरू विशेष चिन्ताका विषय छन्। कानुन पालना गराउने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तअन्तर्गत बन्दुकले गर्दा मृत्यु वा चोटपटक भएमा प्रहरी अधिकारीहरूले सो घटनाबारे विस्तृत प्रतिवेदन पेस गर्नैपर्छ। प्रशासनिक समीक्षा तथा न्यायिक नियन्त्रणका लागि जिम्मेवार राज्यअधिकारीसमक्ष पनि विस्तृत विवरण पठाइनैपर्छ। त्यसबाहेक, कानुन पालना गराउने अधिकारीहरूद्वारा अत्यधिक बल प्रयोग भएको प्रमाण पाइएका घटनामा प्रभावकारी पुनरावलोकन प्रक्रिया लागू रहेको सुनिश्चित गर्ने दायित्व सरकार तथा कानुन पालना गराउने गैरसैनिक निकायहरूमा हुन्छ। उपयुक्त प्रशासनिक वा अभियोजनकारी राज्यअधिकारीले आरोपहरूको अनुसन्धान गर्ने क्षेत्राधिकारको उपयोग गर्नैपर्छ। तर, नेपालको राष्ट्रिय कानुन तथा नियमावलीहरूमा प्रहरीले बलको अत्यधिक प्रयोगका आरोपहरूको आन्तरिक अनुसन्धान गर्नुपर्ने व्यवस्था गरिएको छैन। तथापि, राष्ट्रिय कानुनअन्तर्गत सबै अपराधहरूमा सूचना दर्ता गर्ने (अर्थात्, जाहेरी दरखास्त दायर गर्ने)तथा फौजदारी अनुसन्धान सुरु गर्ने दायित्व नेपाल प्रहरीमा रहेको छ।

उच्चायुक्तको कार्यालयले विरोध प्रदर्शनका क्रममा भएका ६ सर्वसाधारणको मृत्युका घटनाको प्रहरीसँग अनुवर्ती कार्य गऱ्यो र यसले नेपालगन्जमा गुल्जार खाँको मृत्युको घटनामा प्रहरीको पहलमा एउटा र सुनसरी जिल्लामा मोहम्मद बिस्कुद मियाको मृत्युको घटनामा एक निजी व्यक्तिद्वारा दायर गरिएको अर्को गरी दुईवटा जाहेरी दरखास्त अहिलेसम्म दर्ता गरिएको पायो। तर, बिस्कुद मियाको मृत्युका सम्बन्धमा अझैसम्म औपचारिक अनुसन्धान सुरु नगरिएको प्रहरीले उच्चायुक्तको कार्यालयलाई बतायो।

अन्य मृत्युका सम्बन्धमा जाहेरी दरखास्त दर्ता गर्नमा भएको प्रहरी विफलता राष्ट्रिय कानुनको उल्लङ्घन हो। सिरहामा मारिएका राजेश ठाकुरको घटनामा हत्यासम्बन्धी अनुसन्धान गरिने प्रहरीले उच्चायुक्तको कार्यालयलाई बतायो, तर जाहेरी दरखास्त अझै दर्ता गरिएको छैन। तीन अन्य मृत्यु अर्थात् नेपालगन्जमा गुल्जार खाँ, सप्तरीमा लखन सफी तथा नवलपरासीमा जगदीश पासीको मृत्युका सम्बन्धमा अनुसन्धान चालु रहेको पनि प्रहरीले उच्चायुक्तको कार्यालयलाई जानकारी गरायो। यी अनुसन्धानहरूको प्रकृति आन्तरिक हो कि फौजदारी हो भन्ने कुरा अस्पष्ट छ। जाहेरी दरखास्त दर्ता नगरी यी हत्याको फौजदारी अनुसन्धान हुँदैन भन्ने कुरामा उच्चायुक्तको कार्यालय चिन्तित छ। अन्ततः, राजविराजमा भएको गुल्टन दासको मृत्युका सम्बन्धमा अनुसन्धान सुरु गर्ने आफ्नो कुनै योजना नरहेको प्रहरीले उच्चायुक्तको कार्यालयलाई बतायो।

उच्चायुक्तको कार्यालयले रौतहट जिल्लामा सप्रबको हिरासतमा रहँदा दुई सर्वसाधारणमाथि भएको कुटपिटको आरोपका सम्बन्धमा पनि अनुवर्ती कार्य गरेको छ। ती दुईजनालाई प्रारम्भमा पर्याप्त चिकित्सा सहायता दिन पनि अस्वीकार गरिएको थियो। पीडितहरूको चोटपटकको गम्भीरताको परिणामस्वरूप आफूलाई लगिएको अस्पतालबाट फर्केर नेपाल प्रहरीलाई रिपोर्ट गरेपछि मात्र आफूहरूले अभद्र व्यवहारका आरोपहरूबारे अनुसन्धान सुरु गर्ने प्रजिअ तथा नेपाल प्रहरी दुवैले उच्चायुक्तको कार्यालयलाई बताए।

चालु तथा विगतका मानवअधिकार उल्लङ्घनका लागि दण्डहीनता अन्त्य गर्नुपर्ने आवश्यकता संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त तथा उप-उच्चायुक्त दुवैले आफ्नो क्रमशः वि.सं. २०६३ माघ तथा वि.सं. २०६४ माघको नेपाल भ्रमणका क्रममा जोडदाररूपमा व्यक्त गर्नुभएको थियो। राज्यअधिकारीहरूले सुरक्षाफौजको पूर्ण जवाफदेहीता सुनिश्चित नगरेसम्म प्रहरी बलको प्रभावकारिता तथा अझ विस्तृतरूपमा भन्ने हो भने शान्ति प्रक्रियाको सुदृढीकरण जोखिममा रहिरहनेछ।

*फौजदारी कसुरमाथिको अनुसन्धानको अभाव*
प्रहरी तथा अरूविरुद्ध हिंसाको प्रयोग तथा प्रहरी चौकी तथा निजी सम्पत्तिलगायतका सरकारी भवनहरूमाथि भएका आक्रमणलगायत प्रदर्शनकारीहरूसँग सम्बद्ध कहिलेकाहीँको हिंसात्मक तथा आपराधिक आचरण तथा बन्द लागू गराउने कार्यबारे कुनै जाहेरी दरखास्त वा प्रहरी अनुसन्धान भएकोबारे पनि उच्चायुक्तको कार्यालयलाई कुनै जानकारी छैन। पक्राउ गरिएका सबैजनालाई अभियोगबिना रिहाइ गरेको देखिन्छ। विभिन्न समूहहरूसँगको सम्झौतामा आममाफी वा क्षमादान दिने अभ्यासले प्रहरीलाई अपराधहरूको अनुसन्धान गर्नबाट एवं आपराधिक गतिविधि गर्ने भनी आरोप लागेका व्यक्तिहरूलाई अभियोजन गर्नबाट रोक्छ।

## निष्कर्ष

वि.सं. २०६४ माघ/फागुनको तराई विरोध प्रदर्शनका क्रममा कानुन पालना गराउने निकायहरूले आफू निकै दबाबको स्थितिमा रहेको बेला केही संयम प्रदर्शन गरेका थिए। तर, गृह मन्त्रालय, सप्रब तथा नेपाल प्रहरीले वि.सं. २०६२/६३ चैत-वैशाखको जनआन्दोलन तथा २०६३ माघको मधेशी विरोध प्रदर्शनलगायतबाट उठेका चिन्ताहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको भए तापनि पहिलेका सिफारिसहरू कार्यान्वयन गरिएका भए हालैको तराई विरोध कार्यक्रममा भएका मृत्यु तथा चोटपटकका घटनामध्ये धेरैजसोलाई टार्न सकिन्थ्यो भन्ने कुरा यस प्रतिवेदनमा प्रकाश पारिएका मानवअधिकारसम्बन्धी चिन्ताहरूले देखाउँछन्।[१३] सार्वजनिक सुरक्षाका मानवअधिकारसम्बन्धी पक्षहरूमा सरकारलाई आफ्नो सहयोग वृद्धि गर्न उच्चायुक्तको कार्यालय उपलब्ध रहनेछ र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका आफ्ना मानवअधिकारसम्बन्धी दायित्वहरू पूरा गर्न नेपाल अझ राम्रोसँग समर्थ होस् भनेर सरकार उसले सार्वजनिक सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम गर्ने विषयसँग सम्बन्धित संस्थागत चिन्ताहरूलाई सम्बोधन गर्न उपलब्ध सबै अन्तर्राष्ट्रिय विशेषज्ञताबाट लाभ लेओस् भन्ने उसलाई सिफारिस गर्दछ।

उच्चायुक्तको कार्यालयले, उदाहरणार्थ, अत्यधिक बलको प्रयोगसम्बन्धी आरोपहरूको अनुसन्धानका क्रममा घातक बलको प्रयोगसम्बन्धी मार्गनिर्देशनलाई सुदृढ बनाउनु आवश्यक भएको पाएको छ। धेरै पटक, कमान्ड गर्ने अधिकारीको विस्तृत निर्देशनबिना तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको मानक कार्यसञ्चालन कार्यविधिको उपयोग नगरी धातुको गोलीयुक्त बन्दुकको प्रयोग गरिएको छ। आफू दबाबमा रहेका स्थितिमा समानुपातिकताको सिद्धान्त लागू गर्ने नेपाल प्रहरी तथा सप्रबका अधिकारीहरूको क्षमता विशेष चिन्ताको विषय रहेको छ। थुप्रै अवसरहरूमा अन्य विकल्प उपलब्ध हुँदाहुँदै दबाबमा रहेका प्रहरी अधिकारीहरूले घातक बलको प्रयोग गरेको उच्चायुक्तको कार्यालयले पाएको छ।

यस प्रतिवेदनमा उठाइएका केही उल्लङ्घन तथा मुद्दाहरू प्रहरीले भोग्नुपरेको परिस्थितिको सामना गर्नमा उनीहरूको तत्परताको अभावबाट प्रभावित छन्। हिंसात्मक प्रदर्शनको अनुगमन गर्ने कुनै अनुभव नभएका तल्लो तहका धेरैजसो प्रहरीहरूलाई संयमित राख्न आफूहरूले काम गरेको केही प्रहरी अधिकारीहरूले उच्चायुक्तको कार्यालयलाई जानकारी दिए। केही घटनामा, अग्रपङ्तिमा रहेका प्रहरीहरू नयाँ जवान थिए भन्ने उच्चायुक्तको कार्यालयले थाहा पायो। प्रहरीहरू प्रायः कठिन स्थितिमा लामो समयसम्म काम गर्न बाध्य हुनुपरेको र उपयुक्त साधनको अभावका कारण आक्रमणबाट आफ्नो वा सम्पत्तिको रक्षा गर्न असमर्थ भएको पनि उच्चायुक्तको कार्यालयलाई जानकारी दिइयो। नवलपरासीको महेशपुर प्रहरी चौकीका प्रहरीले आफूसँग अश्रुग्यास, रबरको गोली वा लाउड स्पिकर जस्ता विकल्पहरू

[१३] उच्चायुक्तको कार्यालयले दुई वर्षभन्दा बढी समयदेखि नेपालमा भएका प्रदर्शन, विरोध कार्यक्रम तथा बन्दहरूमा प्रहरीको कार्यसम्पादनको अनुगमन तथा प्रतिवेदन गरिरहेको छ। यस प्रतिवेदनमा उठाइएका जस्तै चिन्ताहरू उच्चायुक्तको कार्यालयको सन् २००६ सेप्टेम्बरको *"चैत/वैशाखका विरोध कार्यक्रम, लोकतान्त्रिक अधिकार तथा बलको प्रयोग"* विषयक प्रतिवेदन तथा यसको सन् २००७ डिसेम्बरको *"नेपालमा मानवअधिकार : विस्तृत शान्ति सम्झौतापछिको एक वर्ष"* विषयक प्रतिवेदनमा उठाइएका थिए।

नभएकाले भिडलाई तितरबितर पार्न (त्यस क्रममा एक विरोध प्रदर्शनकारीको गोली लागी मृत्यु भयो)धातुको गोलीको प्रयोग गर्न बाध्य हुनुपरेको टिप्पणी गरे।

उच्चायुक्तको कार्यालय प्रहरीमा जवाफदेहीताको मजबुतीकरण गर्ने कार्यले मानवअधिकार उल्लङ्घन हुन नदिन तथा उल्लङ्घन गर्ने कार्यलाई निरुत्साहित गर्न मद्दत गर्नेछ भन्ने ठान्दछ। अधिकांश घटनामा आन्तरिक प्रहरी जवाफदेहीता संयन्त्रको अस्तित्व छैन र जहाँ छन् ती ठाउँमा ती न स्वतन्त्र छन् न विश्वसनीय नै देखिन्छन्। वि.सं. २०६२/६३ को जनआन्दोलन तथा २०६३ को मधेशी विरोध प्रदर्शनको प्रतिक्रियास्वरूप गठित रायमाझी तथा तराई आयोगजस्ता सरकारद्वारा नियुक्त आयोगका प्रतिवेदनहरूबारे पर्याप्त अनुवर्ती कार्य नगरिएकाले गर्दा तिनको प्रभाव सीमित रहेको छ। उच्चायुक्तको कार्यालयको अभिलेखअनुसार आजसम्म एकजना पनि सरकारी वा कानुन पालना गराउने अधिकारीलाई जनआन्दोलनदेखि आजसम्म गरिएका कुनै पनि मानवअधिकार उल्लङ्घनका लागि अहिलेसम्म जवाफदेही बनाइएको छैन। जिल्ला प्रशासन तथा कानुन पालना गराउने निकायहरूको आन्तरिक जवाफदेहीता संयन्त्रको समीक्षा तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको संयन्त्रको तयारी आवश्यक देखिन्छ।

तराई विरोध प्रदर्शनको आफ्नो अनुगमनको क्रममा उच्चायुक्तको कार्यालयले एउटा साझा समस्याको पुनः अवलोकन गर्‍यो; तराईका जिल्लामा कार्यरत स्थानीय प्रशासन, नेपाल प्रहरी तथा सप्रब आफ्नो कार्य सम्पादनमा निष्पक्ष छैनन् भन्ने आममानिसहरूको सोचाइ। यो कुरा आंशिकरूपमा मात्र साँचो हो भन्ने कुरा उच्चायुक्तको कार्यालयको अनुगमनले देखाएको छ। धेरै घटनामा स्थानीय प्रशासन तथा प्रहरीले आफ्नो कर्तव्य निर्वाह गर्दा वस्तुवादी तथा स्वच्छ हुने प्रयत्न गरेर व्यावसायिक ढङ्गबाट कार्य गरेका छन्। तर, धेरै तराईवासीहरूलाई प्रहरी पक्षपाति छन् भन्ने छाप पार्ने व्यवहार भएका घटनाहरू पनि उच्चायुक्तको कार्यालयले अवलोकन गरेको छ। यसमा मुख्यतया पहाडी मूलका मानिसले गरेको हिंसात्मक विरोध प्रदर्शनका क्रममा प्रहरी अधिकारीहरू निष्क्रिय बसेको तर बन्दका समर्थकहरूद्वारा गरिएको त्यस्तै विरोध प्रदर्शनका क्रममा बलपूर्वक प्रत्यक्ष संलग्न भएका उदाहरणहरू पर्दछन्। अन्य घटनामा प्रहरी अधिकारीहरूले प्रदर्शनहरूमा आफ्नो कार्य गर्दा भेदभावकारी धारणा भएको सङ्केत गर्ने गरी अपमानजनक भाषा प्रयोग गरेको सुनिएको छ। तराईका केही जिल्लामा मधेशी प्रजिअहरूको नियुक्ति एवं प्रहरी तथा निजामती सेवामा नियुक्तिका लागि आरक्षण लागू गर्नेसहितका कार्य गरेर बढी समावेशी हुन सरकारद्वारा लिइएका हालैका कदमहरूलाई उच्चायुक्तको कार्यालयले स्वागत गर्‍यो र देशको सबै भागका स्थानीय प्रशासन पूर्णरूपमा समावेशी होऊन् भन्ने कुरा सुनिश्चित गर्न सरकारलाई प्रोत्साहन गर्दछ।

नागरिकका पनि जिम्मेवारी हुन्छन्। वाक् तथा भेला हुन पाउने स्वतन्त्रताको अधिकारमा प्रतिविम्बित भएको विरोध प्रदर्शन गर्न पाउने अधिकार स्थानीय सरकारी अधिकारी तथा प्रहरीलगायत अरूका अधिकार तथा कानुनको सम्मानका साथ भएका शान्तिपूर्ण विरोध प्रदर्शनहरूमा मात्र लागू हुन्छ। राज्यसँग अन्यको अधिकारको संरक्षण गर्न सकारात्मक हस्तक्षेप गर्ने अधिकार हुन्छ। विरोध प्रदर्शनहरू शान्तिपूर्ण होऊन् भन्ने कुरा पक्का गर्न राजनीतिक दल तथा अन्य समूहका नेताहरूमा विशेष जिम्मेवारी हुन्छ। विरोध प्रदर्शनकारीहरूले अनुसन्धान भई अभियोजनको भागी हुनुपर्ने गरी आपराधिक कार्य गरेका धेरै घटना उच्चायुक्तको कार्यालयले अवलोकन गर्‍यो।

सशस्त्र समूहका सदस्यलगायतका केही विरोध प्रदर्शनकारीहरूले संविधानसभाको निर्वाचन प्रक्रियामा हस्तक्षेप गरे र निर्वाचनका उम्मेदवारहरूलाई धम्की दिए वा त्रास देखाए। यसले यी विरोध प्रदर्शनकारी तथा सम्भवतः तिनका नेतृत्वमा उनीहरूले माग गरेको परिवर्तनका लागि जायज साधनका रूपमा रहेको लोकतान्त्रिक प्रक्रियाप्रति सम्मानको अभाव रहेको दर्साउँछ। अरूको अधिकारको हनन गर्ने धम्की तथा हिंसाको प्रयोगलाई कुनै पनि परिस्थितिमा उचित ठहर्‍याउन सकिँदैन।

**सिफारिसहरू**

तल गरिएका सिफारिस उच्चायुक्तको कार्यालयद्वारा जनआन्दोलन- २ पछि सन् २००६ मा गरिएका धेरैजसो सिफारिसहरूसँग मेल खान्छन्। तिनको कार्यान्वयनले प्रहरीद्वारा हुने बलको अत्यधिक प्रयोगबाट हुने मृत्यु वा चोटपटकमा कमीलगायत मानवअधिकारको अझ राम्रो संरक्षणमा एवं मानवअधिकार उल्लङ्घनका लागि जवाफदेहीतामा योगदान पुर्‍याउनेछ भन्ने कुरामा उच्चायुक्तको कार्यालय विश्वस्त छ। उच्चायुक्तको कार्यालयले यी सिफारिसहरूको कार्यान्वयनमा सरकारलाई मद्दत गर्न पाउने अवसरको स्वागत गर्नेछ।

यस प्रतिवेदनको विषयका रूपमा रहेको तराईमा भएका विरोध प्रदर्शनको प्रतिक्रियामा, उच्चायुक्तको कार्यालय सरकारलाई देहायका सिफारिसहरू तत्काल कार्यान्वयन गर्न आग्रह गर्दछ :

**जवाफदेहीताका सम्बन्धमा**

१. नेप्रले तराई विरोध प्रदर्शनका क्रममा भएको कुनै पनि मृत्यु वा गम्भीर चोटपटकका सम्बन्धमा तुरुन्त जाहेरी दरखास्त दायर गरी त्यसको अनुसन्धान गर्नुपर्छ। त्यसबाहेक, रौतहट जिल्लामा सप्रबको हिरासतमा दुई सर्वसाधारणमाथि भएको भनी आरोपित कुटपिटका घटना र उनीहरूलाई प्रारम्भमा चिकित्सा सहायता दिनमा भएको विफलतालगायत थुनामा सर्वसाधारणमाथि भएको अभद्र व्यवहारका आरोपहरूको अनुसन्धान गरिनुपर्छ।

२. प्रहरीद्वारा घाइते सर्वसाधारणलाई अस्पतालबाट पक्राउ गरी त्यहाँबाट निकालिए भन्ने आरोपहरूबारे तथा प्रहरी हिरासतमा व्यक्तिहरूलाई दिनुपर्ने चिकित्सा सहायताको अभावबारे अनुसन्धान गरिनुपर्छ।

३. विरोध कार्यक्रम तथा प्रदर्शनका क्रममा भएको भनी आशङ्का गरिएका अपराधहरूका सम्बन्धमा जाहेरी दरखास्त दर्ता गर्नैपर्छ भनी प्रहरीलाई निर्देशन जारी गरिनुपर्छ। आपराधिक गतिविधि गरेको भनी आशङ्कितहरूलाई उचित प्रक्रियाअनुसार तथा अन्य अधिकारलाई ध्यानमा राखी अभियोग लगाइनुपर्छ, अनुसन्धान गरिनुपर्छ तथा अभियोजन गरिनुपर्छ।

४. अपराधको अनुसन्धान हुन नदिने गरी प्रदान गरिने 'आममाफी' तथा/वा आन्दोलनकारी समूहसँगको सम्झौतामा गरिने व्यवस्थालगायत माफी वा क्षमादान प्रदान गर्ने कार्यलाई बन्द गरिनुपर्छ। त्यसैगरी, मुद्दाहरू फिर्ता लिने तथा थुनुवाहरूलाई मुक्त गर्नेसँग सम्बन्धित सम्झौताहरूमा भएका प्रावधानले उचित प्रक्रियाको प्रयोग तथा आपराधिक गतिविधि गरेको भनी आरोपित व्यक्तिहरूलाई अनुसन्धान गर्ने तथा अभियोजन गर्ने कुरालाई रोक्न हुँदैन।

**सुरक्षाफौजद्वारा बलको प्रयोग सम्बन्धमा**

५. धातुको गोलीको प्रयोग कडा सुपरिवेक्षणमा गरिनुपर्छ तथा जीवनप्रति तत्काल वा गम्भीर खतरा आएमा र गैरघातक विधि विफल भएमा प्रतिक्रिया दिनुपर्ने स्थितिमा मात्र यसलाई सीमित गरिनुपर्छ। यस सम्बन्धमा :

- प्रदर्शन तथा कर्फ्यु अवधिमा बलको प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई समावेश गरेर सप्रब तथा राष्ट्रिय प्रहरी दुवैद्वारा बलको प्रयोगसँग सम्बन्धित स्तरीय कार्यसञ्चालन कार्यविधि तयार पारिनुपर्छ।

- बलको अत्यधिक प्रयोगमार्फत् हुने चोटपटक वा मृत्युका लागि अभियोजनसमेतबाट कठोररूपमा दण्डित गर्न सकिन्छ भनेर तालिमलगायत मार्फत् प्रहरीलाई जागरुक बनाउनुपर्छ।

- प्रहरीलाई कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त एवं तिनलाई कार्यान्वयन गर्ने तरिकाबारे परिचित गराइनुपर्छ।

- गैरघातक विधिको प्रयोग घातक तरिकाबाट नहोस् भन्ने कुरा सुनिश्चित गर्न भिड नियन्त्रण गर्ने गैरघातक विधिबारे तालिम सञ्चालन गरिनुपर्छ। उदाहरणार्थ, राष्ट्रिय प्रहरी प्रशिक्षण निर्देशिकाअनुरूप व्यक्तिहरूको टाउको वा शरीरको माथिल्लो भागमा हिर्काउन लाठीको प्रयोग नगर्न तथा अश्रुग्यास वा रबरको गोली व्यक्तिहरूलाई सीधा नहान्न प्रहरी अधिकारीहरूलाई तालिम दिइनुपर्छ।

- पत्रकारहरूलाई त्रास तथा हिंसामुक्त भई विरोध कार्यक्रमहरूको समाचार सङ्कलन गर्न दिनुपर्छ।

६. प्रहरी बलद्वारा गरिने बलको प्रयोगको सुपरिवेक्षण निकटबाट गर्न तथा उल्लङ्घन भएको पाइएमा तुरुन्त कारबाही गर्न सरकारले प्रजिअ[१४] तथा प्रहरी कमान्डरहरूलाई निर्देशन जारी गर्नुपर्छ। त्यसबाहेक, प्रजिअद्वारा जारी गरिने कर्फ्यु आदेशमा प्रयोग भएको शब्दावली विस्तृत तथा सुस्पष्ट हुनुपर्छ र विशेषगरी बलको प्रयोगका सम्बन्धमा प्रहरी बललाई जारी गरिने निर्देशनमा बलको प्रयोग क्रमिकरूपमा हुनुपर्ने आवश्यकता उल्लेख भएको हुनुपर्छ। सर्वसाधारणले पर्याप्त जानकारी पाऊन् भन्ने कुरा सुनिश्चित गर्न कर्फ्यु लगाउने कार्यको प्रचारप्रसार प्रजिअहरूद्वारा स्पष्ट तथा प्रभावकारीरूपमा गरिनुपर्छ।

हालका घटनाहरूको प्रतिक्रियामा माथि दिइएका तत्काल चाल्नुपर्ने कदमबाहेक, उच्चायुक्तको कार्यालय सरकारलाई सार्वजनिक सुरक्षाका चुनौतीहरूको रोकथाम तथा प्रतिक्रियाका सम्बन्धमा मध्यकालीन सुधारलाई संस्थागत गर्ने कार्य थाल्न जोडदाररूपमा प्रोत्साहन गर्दछ। सरकारको उच्च तहबाट अनुमोदित योजनामार्फत् सुरु गर्नुपर्ने तथा ठोस समयतालिकाअनुरूप कार्यान्वित हुनुपर्ने यी सुधारले संरचनात्मक, नीतिगत, कानुनी, क्रियात्मक तथा तालिमसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्नुपर्छ र प्रजातान्त्रिक सुपरिवेक्षणअन्तर्गत तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप जिम्मेवार सबै निकायहरूमा संस्थागत जवाफदेहीता विकास गर्ने लक्ष्य लिएको हुनुपर्छ। सुरुवाती बुँदाका रूपमा देहायका विशिष्ट उपायहरू सिफारिस गरिएका छन्ः

७. उच्चायुक्तको कार्यालय जिल्ला प्रशासन र कानुन कार्यान्वयन गर्ने निकायका जवाफदेहीतासम्बन्धी संयन्त्रहरूको पूर्ण समीक्षा तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुने आन्तरिक तथा बाह्य सुपरिवेक्षण संयन्त्र दुवैको स्थापनाको लागि सिफारिस गर्दछ।

८. स्थानीय प्रशासन ऐन तथा आवश्यक वस्तु संरक्षण ऐनलाई विरोध प्रदर्शनकारीहरूविरुद्ध बलको प्रयोगसँग सम्बन्धित प्रावधानहरूलाई अन्तर्राष्ट्रिय मापदण्डसित अनुकूल हुने गरी र शान्तिपूर्णरूपमा भेला हुन पाउने अधिकार तथा अभिव्यक्तिको स्वतन्त्रता र आवतजावत गर्न पाउने स्वतन्त्रताको सम्मान हुने गरी संशोधन गरिनुपर्छ।

९. घातक बलको प्रयोगलगायत सुरक्षा तथा कानुन कार्यान्वयन गर्ने निकायद्वारा हुने बलको स्वेच्छाचारी तथा दुर्व्यवहारयुक्त प्रयोगलाई नेपालको राष्ट्रिय कानुनअन्तर्गत फौजदारी कसुर बनाइनुपर्छ।

१०. नेपाल प्रहरी तथा सप्रबका आन्तरिक नियमावलीहरूमा सर्वसाधारणविरुद्ध बलको अत्यधिक प्रयोगलाई अनुशासनात्मक कारबाही गर्न सकिने कसुरको रूपमा समावेश गरिनुपर्छ। बलको त्यस्तो प्रयोगको परिणामस्वरूप भएको मृत्यु वा गम्भीर चोटपटकलाई गम्भीर दण्डसजायसहित हुने स्थितिलाई अझ खराब पार्ने तत्त्वका रूपमा लिइनुपर्छ।

११. नियमावली र नीतिहरूले मौखिक दुर्व्यवहारलगायत गैरकानुनी भेदभावका कार्यहरू सह्य हुने छैनन् तथा तिनलाई गम्भीर अनुशासनात्मक सजायअन्तर्गत राखिनेछ भन्ने कुराको किटान पनि गर्नुपर्छ।

अन्तमा, उच्चायुक्तको कार्यालय देहायका सामान्य सिफारिसहरू गर्न चाहन्छः

बन्द, प्रदर्शन तथा विरोध कार्यक्रमका आयोजकहरू यस्ता सबै गतिविधिहरू शान्तिपूर्ण होऊन्, कुनै पनि प्रकारको हिंसा नहोस् र अरूका मानवअधिकारको सदैव सम्मान होस् भन्ने कुरा सुनिश्चित गर्ने आफ्ना जिम्मेवारीप्रति सचेत हुनुपर्छ र उनीहरूले तिनको सम्मान गर्नुपर्छ।

बालअधिकारको पूर्णरूपमा सम्मान गरिनुपर्छ। बालबालिकाको शिक्षाप्रतिको अधिकारको संरक्षण गर्न हर प्रयास गरिनुपर्छ। बालबालिका आफ्नो स्वेच्छाले मात्र प्रदर्शनहरूमा सहभागी बन्नुपर्छ। कुनै पनि किसिमले तिनलाई प्रदर्शनमा सहभागी बन्नका निम्ति फकाउन पैसा वा खाने कुरा दिइनु हुँदैन वा चोटपटक लाग्ने वा अन्य हानि हुने खतरा भएको स्थितिमा राखिनु हुँदैन। वयस्कहरूले जस्तै बालबालिकाले हिंसाको प्रयोग गर्नु हुँदैन तथा तिनलाई त्यसो गर्न कहिल्यै पनि उक्साउनु वा हौस्याउनु हुँदैन।

[१४] प्रजिअ जिल्ला सुरक्षा समितिका अध्यक्ष हुन् र उनी शान्ति, सुव्यवस्था तथा सुरक्षा कायम राख्न जिम्मेवार हुन्छन्। उनले शान्ति तथा सुव्यवस्था कायम राख्ने सन्दर्भमा बल प्रयोग गर्न प्रहरी बललाई अधिकार प्रदान पनि गर्छन्।

## ज्यान जाने गरी प्रहरीद्वारा बलको सम्भाव्य अत्यधिक प्रयोग भएका घटना

*घटना १: बाँके जिल्लाको नेपालगन्जमा फागुन ५ गते मारिएका गुल्जार खाँ*

नेपालगन्जका २५ वर्षीय निर्माणकर्मी गुल्जार खाँलाई प्रहरीद्वारा फागुन ५ गते अपराह्न ३:२० बजे निधारमा गोली हानिएको केही क्षणमै उनको मृत्यु भयो।

हिंसात्मक विरोध प्रदर्शन तथा प्रहरी र करिब २,००० बन्द समर्थकहरूबीच करिब एक घण्टाअघि सुरु भएको झडपपछि अपराह्न २ बजे बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीले नेपालगन्ज नगरपालिकाको विभिन्न भागमा कर्फ्यु लगाएका थिए। संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा (यूडीएमएफ)ले सरकारी कार्यालयहरू बन्द गर्ने आफ्नो आशय रहेको घोषणा गरेको थियो र यूडीएमएफका समर्थकहरू उत्तरतर्फबाट मुख्य बजारको सडक हुँदै जिल्ला प्रशासन कार्यालय नजिकै पुगी त्यहाँ तैनाथ प्रहरीहरूमाथि ढुङ्गा र इँटा प्रहार गर्न थालेपछि करिब १२:५० मा हिंसा सुरु भएको उच्चायुक्तको कार्यालयले अवलोकन गर्‍यो। प्रहरीले क्रमैसँग बलको प्रयोग गरी पहिले लाठीचार्ज, त्यसपछि अश्रुग्यास र रबरको गोली प्रहार गरी त्यसको प्रतिक्रिया दियो। यस क्रममा, प्रदर्शनकारीहरू उत्तरतर्फ र छेउछाउका सडकहरूमा छरिए। प्रहरीले लखेट्यो र प्रदर्शनकारीहरू ढुङ्गा हान्दै पुनः देखा परे। यो ढाँचा धेरैपटक दोहोरियो। अपराह्न १ बजेपछि कुनै बेला जिप्रकाको नजिकैको एउटा सरकारी कार्यालय[१५]मा लुटपाट गरी त्यहाँका सरसामान जलाइयो।

अपराह्न करिब ३ बजेतिर धेरैजसो हिंसा भएको मुख्य बजार क्षेत्रमा रहेका प्रहरीहरूले बन्दुकको प्रयोग गर्ने घोषणा गरेको भनियो। विभिन्न स्रोतहरूका अनुसार अपराह्न ३:२० बजेतिर गुल्जार खाँ त्यस बेला मुख्य बजारको सडकभन्दा झन्डै १०० मिटर पूर्वतर्फको गल्लीमा थिए। उच्चायुक्तको कार्यालयद्वारा कतिपय स्रोतहरूबाट लिइएको जानकारीले उनले विरोध प्रदर्शनमा भाग नलिएको र वास्तवमा उनी दिउँसोको खाना खान घरतर्फ गइरहेको जनाउँछ। उनीसँग रहेका एक व्यक्तिका अनुसार बजारको सडकभित्र छिर्ने दिशाबाट दक्षिणतर्फ एउटा प्रहरी टोली (उनीहरू सशस्त्र प्रहरी बल (सप्रब) वा नेपाल प्रहरी कहाँबाट आएका थिए भन्ने अझै थाहा भएको छैन) आउँदा उनी सडकमा ठिङ्ग उभिरहेका थिए। सो टोलीले उत्तरतर्फ अर्थात् गुल्जार खाँ भएको दिशातिर चार राउन्ड धातुको गोली प्रहार गरेको भनियो। गुल्जार खाँलाई निधारमा गोली लाग्यो भने उनका साथीलाई नितम्बमा । करिब १५ मिनेटपछि गुल्जार खाँलाई एम्बुलेन्समा नजिकैको अस्पताल पुर्‍याइयो, जहाँ केही समयपछि उनको मृत्यु भयो। शवपरीक्षण प्रतिवेदनले बन्दुकको गोलीका कारण "टाउकोमा लागेको चोट"लाई मृत्युको कारण भनी जनाएको छ।

उच्चायुक्तको कार्यालयले गुल्जार खाँलाई गोली लागेको स्थानदेखि करिब दश मिटर उत्तरतर्फ पर्खालमा करिब तीन मिटर तथा पाँच मिटरको उचाइमा दुईवटा गोली लागेको दागको अवलोकन गर्‍यो र यसले राष्ट्रिय कानुनको उल्लङ्घन गर्दै प्रहरीले घुँडाभन्दा माथि गोली प्रहार गरेको भन्ने विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीलाई पुष्टि गरेको देखिन्थ्यो।[१६] गोली लागेको बेला घातक बलको प्रयोगलाई उचित ठहर्‍याउने गरी गुल्जार खाँले जीवनप्रति खतरा उत्पन्न गरेका थिए भन्ने कुनै सङ्केत उच्चायुक्तको कार्यालयले पाएन। बलको अत्यधिक प्रयोगको परिणामस्वरूप उनको मृत्यु भएको उच्चायुक्तको कार्यालयले निष्कर्ष निकाल्यो।

नेपाल प्रहरीको पहलमा फागुन ८ गते गुल्जार खाँको मृत्युसम्बन्धी एउटा जाहेरी दरखास्त दर्ता गरियो। नेपाल प्रहरी तथा सप्रब दुवैले उनको मृत्युको परिस्थिति ठम्याउन आन्तरिक अनुसन्धान सञ्चालन गरिरहेका छन्। गुल्जार खाँलाई ज्यान लिने गरी गरिएको गोली प्रहारका अतिरिक्त ११ जना - सबै पुरुष - फागुन ५ गते नेपालगन्जमा गोली लागी घाइते भए, जसमध्ये सातजनालाई घुँडामाथि लागेको थियो।

*घटना २: सिरहा जिल्लाको बिसनपुरमा फागुन ७ गते मारिएका राजेश ठाकुर*

बन्द गराउन मुख्य राजमार्गस्थित एउटा पुलमा प्रदर्शनकारीहरूले छेकिरहेको स्थानमा यूडीएमएफका प्रदर्शनकारी र प्रहरीबीच भएको मुठभेडका क्रममा लागेको गोलीको घाउको परिणामस्वरूप फागुन ७ गते राजेश ठाकुरको मृत्यु

---

[१५] भूमिसुधार तथा व्यवस्था मन्त्रालय, न. २ सर्वेक्षण कार्यालय

[१६] स्थानीय प्रशासन ऐन

भयो। सडकमा अवरोध हटाउन नेपाल प्रहरीका ३० जना तथा सप्रबका ६० जना तैनाथ गरिएका थिए। दिनभरि प्रदर्शनकारीहरूले प्रहरीमाथि ढुङ्गा हाने। प्रहरीले पहिले तिनै ढुङ्गा हानेर र लाठीचार्ज गरेर त्यसको प्रतिक्रिया दियो र प्रदर्शनकारीहरूलाई पुलबाट केही सय मिटर पर पु¥यायो। त्यसपछि हवाई फायर तथा अश्रुग्यास प्रहार गरियो। मुठभेड भइरहँदा, करिब ३० जना प्रदर्शनकारीको सानो भिड बढेर केही सयको सङ्ख्यामा पुग्यो।

अपराह्न २:३० र ३ बजेको बीचमा प्रहरीले राजमार्गतिर आउन खोज्ने प्रदर्शनकारीहरूको भिडमाथि गोली प्रहार ग¥यो। एक प्रत्यक्षदर्शीका अनुसार प्रहरीलाई हान्न ढुङ्गा टिपिरहेका बेला १०० मिटर टाढाबाट राजेश ठाकुरलाई गोली हानिएको थियो। यो बेला प्रहरीद्वारा प्रहार गरिएको धातुको गोलीबाट कम्तीमा अरू दुईजना पनि घाइते भए। उच्चायुक्तको कार्यालयले नजिकैको भवनमा चौधवटा गोलीका दाग भेट्यो। आधाभन्दा बढी दाग भुइँबाट एक मिटरभन्दा मुनि लागेका थिए।

प्रहरी अभिलेखका अनुसार, नेपाल प्रहरीद्वारा .३०३ बाट चार राउन्ड गोली तथा सटगनबाट ३० राउन्ड गोली एवं नौवटा अश्रुग्यास सेल तथा १५ रबरका गोली प्रहार गरिएको थियो। सशस्त्र प्रहरी बलका अनुसार सो घटनामा सप्रबका कर्मचारीद्वारा अश्रुग्यास प्रहार गरिएको थियो तर धातुको कुनै पनि गोली प्रहार गरिएको थिएन।

धरानस्थित अस्पतालमा एम्बुलेन्समा लैजाने क्रममा राजेश ठाकुरको मृत्यु भयो। प्रदर्शनकारीहरूद्वारा थापिएका कैयौं सडक अवरोधहरू पनि उनको मृत्युका कारण भएका हुन सक्छन्। शवपरीक्षण प्रतिवेदनका अनुसार, पेटको माथिल्लो भाग छेडेर गएको एउटा गोली र दाहिने पाखुराको हाड भाँचेर गएको अर्को गोली गरी दुईवटा गोलीबाट लागेको घाउका कारण ती पीडितको मृत्यु भयो।

नेपाल प्रहरीले राजेश ठाकुरलाई अर्कै कसैले गोली हानेको दाबी गर्दै उनको मृत्यु प्रहरीको गोलीबाट भएको भन्ने कुरालाई अस्वीकार ग¥यो र आफूले हत्यासम्बन्धी अनुसन्धान गर्ने बतायो। मानवअधिकार रक्षकसहितका उपस्थित साक्षीहरूले आफूहरूले भिडमा कसैसँग पनि बन्दुक नदेखेको कुरा उच्चायुक्तको कार्यालयलाई बताए। कुनै जाहेरी दरखास्त दायर गरिएको छैन। प्रहरीका अनुसार सरकारले पीडितलाई सहिद घोषणा गरिसकेको छ र परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइसकेको छ।

उच्चायुक्तको कार्यालयको प्रारम्भिक अनुसन्धानले के देखाएको छ भने प्रहरीले विरोधी भिडको सामना गरिरहेको भए पनि र सडक अवरोध हटाउन कानुनसम्मत ढङ्गले काम गरिरहेको भए पनि भिडमाथि धातुको गोली प्रयोग गर्नु न आवश्यक थियो न समानुपातिक नै र यो बलको अत्यधिक प्रयोगसरह थियो।

*घटना ३: सप्तरी जिल्लाको राजविराजमा फागुन १३ गते मारिएका गुल्टन दास*

राजविराजस्थित निर्वाचन कार्यालयको अगाडि विरोधस्वरूप धर्ना कार्यक्रम गर्ने प्रयत्न गरिरहेका यूडीएमएफका कार्यकर्ताहरूलाई प्रहरीले पक्राउ गरेपछि फागुन १३ गते यूडीएमएफका करिब ८०० कार्यकर्ता तथा प्रहरीबीच भएको मुठभेडका क्रममा सप्रबका एक अधिकारीले ३० वर्षीय पसल मालिक गुल्टन दासलाई गोली हानी मारेको निष्कर्ष उच्चायुक्तको कार्यालयले निकालेको छ। दिनभरि यूडीएमएफका प्रदर्शनकारीहरूले ढुङ्गा, बोतल हानेर तथा गुलेलीको प्रयोग गरेर नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल दुवैसँग झडप गरेका थिए। प्रहरीले त्यसको प्रतिक्रियामा धेरैपटक लाठीचार्ज, अश्रुग्यास प्रहार गर्नका साथै हवाई फायर ग¥यो। यी झडपका क्रममा कम्तीमा अन्य दश सर्वसाधारण तथा कम्तीमा नेपाल प्रहरीका तीन र सशस्त्र प्रहरी बलका अनुसार सप्रबका कम्तीमा सात कर्मचारी घाइते भए।

कतिपय प्रत्यक्षदर्शीहरूका अनुसार गुल्टन दासले मुठभेडमा भाग लिएका थिएनन्, बरु गोली लाग्दा उनी प्रहरी तैनाथ भएको ठाउँबाट करिब १०० मिटरको दूरीमा रिक्सामा अडेस लागेर आफ्नो पसलको अगाडिबाट हेरिरहेका थिए। नेपाल प्रहरीलगायतका कतिपय स्रोतहरूले सप्रबका एक घाइते अधिकारीलाई लिएर गएको गाडीमाथि भिडले तोडफोड गर्ने धम्की दिँदा सप्रबका कर्मचारीद्वारा गोली प्रहार गरिएको हुन सक्ने अनुमान गरे। एउटा गोली रिक्साको छानालाई छेड्दै गुल्टन दासको छातीमा लाग्यो। शवपरीक्षण प्रतिवेदनका अनुसार गोलीका धेरैवटा घाउबाट उनको मृत्यु भयो। गुल्टन दासनजिकै रहेको अर्को व्यक्तिलाई तिघ्रामा गोली लाग्यो।

जिल्ला प्रशासनले प्रदर्शनकारीहरूलाई सरकारी कार्यालयवरिपरिको क्षेत्रमा प्रवेश गर्न बन्देज लगाउने आदेश जारी गरेको भए तापनि पीडितलाई गोली लागेको क्षेत्र निषेधित क्षेत्रभित्र पर्दैनथ्यो।[१७] उनी मारिएपछि मात्र कर्फ्यु लगाइयो।

जिल्ला प्रशासन तथा नेपाल प्रहरीभित्रका स्रोतहरूले सप्रबको गोली प्रहारको परिणामस्वरूप उनको मृत्यु भएको जनाए। गोली प्रहार गर्ने सप्रबका कर्मचारीले हवाई फायर गर्न चाहेको र जे भए पनि आत्मरक्षामा उनले त्यसो गरेको भनी जिल्ला प्रशासनले दाबी गऱ्यो। सो घटनामा कुनै जाहेरी दरखास्त दर्ता गरिएको छैन र प्रहरी अनुसन्धानलाई त्यहाँको समुदायले निष्पक्ष भएको भनी नहेर्ने भएकाले आफूले अनुसन्धान सुरु गर्ने सम्भावना कम रहेको प्रहरीले जनायो। त्यस दिन राजविराजमा कम्तीमा ४३ राउन्ड धातुको गोली हवाई फायर गरेको कुरा सप्रबले स्वीकार गरेको भए तापनि सो घटनास्थलमा सप्रबका कुनै पनि कर्मचारी उपस्थित नरहेको दाबी सप्रबको एउटा स्रोतले गऱ्यो।

प्रदर्शनमा सहभागी समेत नबनेका ती पीडितले खतरा पैदा गरेको कुनै पनि प्रमाण उच्चायुक्तको कार्यालयले फेला पारेन। त्यसैले उच्चायुक्तको कार्यालयको प्रारम्भिक अनुसन्धानले प्रहरीद्वारा बलको अत्यधिक प्रयोगको परिणामस्वरूप उनको मृत्यु भएको जनाउँछ।

*घटना ४: सप्तरी जिल्लाको राजविराजमा फागुन १३ गते प्राणान्तकरूपमा घाइते भएका लखन सफी*

सोही दिन लखन सफी नामका ५७ वर्षीय व्यक्ति नेपाल प्रहरी तथा सप्रबको लाठीचार्जबाट घाइते भए र तीनदिनपछि धरान अस्पतालमा उनको मृत्यु भयो।

कतिपय प्रत्यक्षदर्शीका अनुसार, प्रदर्शनकारीहरूलाई उम्मेदवारी दर्ता गर्न अवरोध पुऱ्याउन नदिनका लागि जिल्ला निर्वाचन कार्यालयवरिपरिको क्षेत्रमा प्रवेश गर्नबाट बन्देज लगाउने निषेधाज्ञा कार्यान्वयन गर्न राजविराजको हटियामा नेपाल प्रहरी र सप्रबको एउटा संयुक्त टोली तैनाथ गरिएको थियो। केही घण्टासम्म भएको मुठभेडको क्रममा प्रदर्शनकारीहरूले निषेधित क्षेत्रभित्र प्रवेश गर्ने प्रयत्न गर्दै प्रहरीमाथि इँटा, ढुङ्गा, सिसाको बोतल हाने र गुलेली प्रहार गरे। प्रहरीले त्यसको प्रतिक्रियामा धेरैपटक लाठीचार्ज, अश्रुग्यास प्रहार गर्नुका साथै हवाई फायर गरे।

कतिपय स्रोतहरूले केही घण्टाको मुठभेडपछि अपराह्न करिब ३:३० बजे सप्रब तथा नेपाल प्रहरी दुवैले गरेको लाठीचार्जका क्रममा लखन सफी घाइते भएको उच्चायुक्तको कार्यालयलाई बताए। देब्रे खुट्टा तथा तिघ्रामा दुईवटा भित्री चोट लागेर आन्तरिक रक्तस्राव भई आघात परेपछि लखन सफीको मृत्यु भएको कुरा शवपरीक्षण प्रतिवेदनले पुष्टि गऱ्यो।

मृत्युको परिस्थितिबारे अध्ययन गर्न आफूले तीन सदस्यीय प्रहरी जाँचबुझ टोली गठन गरेको र मार्चको दोस्रो साताामा आफ्नो निष्कर्ष आउने कुरा नेपाल प्रहरीले उच्चायुक्तको कार्यालयलाई बतायो। यससम्बन्धी कुनै पनि फौजदारी अनुसन्धान सुरु गरिएको छैन न त जाहेरी दरखास्त नै दर्ता गरिएको छ।

*घटना ५: नवलपरासी जिल्लाको महेशपुरमा फागुन १४ गते मारिएका जगदीश पासी*

फागुन १४ गते नवलपरासी जिल्लाको महेशपुरस्थित भारतीय सीमामा रहेको भन्सार प्रहरी चेक प्वाइन्टको अगाडि विरोध प्रदर्शनमा सहभागी बनिरहेको बेला नेपाल प्रहरीद्वारा १९ वर्षीय जगदीश पासीको छातीमा गोली दागियो।

अपराह्नको सुरुमा, यूडीएमएफका केही सय समर्थक तथा स्थानीय गाउँलेहरू प्रहरी चौकीनजिक पुगेपछि यूडीएमएफका केही नेताहरूले नेप्रलाई प्रहरी चौकी छोड्न अनुरोध गरेको भनियो। नेपाल प्रहरीले प्रहरी चौकीतर्फ बढिरहेको भिडको दिशातिरबाट गोलीहरू हानिएको सुनेको र मानिसहरूको एउटा समूह पूर्वमन्त्री तथा संविधानसभा निर्वाचनका लागि नेपाली कांग्रेसका उम्मेदवारको नजिकैको घरतिर लागेको देखेको दाबी गरेको छ, जुन घर पछि लुटियो र आगो लगाइयो। अनुरोध आएको केही मिनेटपछि नेपाल प्रहरीले ५/६ राउन्ड धातुको गोली हवाई फायर गऱ्यो। त्यसपछि, प्रारम्भिक गोली प्रहारपछि तितरबितर हुन सुरु गरिसकेको भिडतिर केही गोली हानेको बताइयो। प्रहरी चौकीको कौसीबाट हानेको भनिएको पहिलो चरणको गोली प्रहारपछि प्रहरी चौकीको परिसरभन्दा ५० मिटर पर उभिरहेका ती पीडितलाई भाग्न फर्कदा गोली लागेको रिपोर्ट प्रत्यक्षदर्शीहरूले गरे। शवपरीक्षण प्रतिवेदनमा यो कुरा प्रतिविम्बित भएको छ, जसका अनुसार गोली छातीको दाहिनेतिरबाट प्रवेश गरी छातीको खोक्रो भाग हुँदै फोक्सो र मुटु छेडेर

[१७] स्थानीय प्रशासन ऐन, दफा ६ (३) अनुसार जारी गरिएको

छातीको देब्रेतिरबाट निस्क्यो। गोलीको घाउका कारण भएको अत्यधिक रक्तस्रावबाट जगदीश पासीको मृत्यु भएको शवपरीक्षण प्रतिवेदनले जनायो।

भिडलाई प्रहरी चौकीमाथि आक्रमण गर्नबाट निरुत्साहन गर्न बलको प्रयोग सम्भवतः आवश्यक भए तापनि भिडमाथि गोली हानेर घातक बलको प्रयोग गर्नु न त आवश्यक थियो न त समानुपातिक नै थियो भन्ने उच्चायुक्तको कार्यालयले पायो। जगदीश पासीलाई गोली लाग्दा उनीसमेत रहेको सो भिड पहिले नै तितरबितर हुन थालिसकेको थियो। उनले त्यस बेला जीवनप्रति कुनै खतरा पैदा गरेका थिएनन्। उच्चायुक्तको कार्यालयले पछि सो प्रहरी चौकीसँग भिडलाई नियन्त्रण गर्न बन्दुकबाहेक कुनै साधन नभएको र त्यहाँ लाउड स्पिकर, अश्रुग्यास वा रबरका गोलीहरू नभएको पायो।

जगदीश पासी प्रहरीको गोलीद्वारा मारिएको कुरा नेपाल प्रहरीले स्वीकार गर्‍यो तर यो लक्ष्यहीन गोली भएको र कसैले पनि कौसीबाट गोली नहानेको दाबी गर्‍यो। नेपाल प्रहरीले अनुसन्धान सुरु गरिएको तर जाहेरी दरखास्त अहिलेसम्म दर्ता नगरिएको जानकारी उच्चायुक्तको कार्यालयलाई दियो।

*घटना ६: सुनसरी जिल्लाको दुहबीमा फागुन १५ गते मारिएका मोहम्मद बिस्कुद मिया*

पूर्वाञ्चल क्षेत्रमा चौथो सर्वसाधारणको मृत्युको घटना फागुन १५ गते बिहान करिब ८ बजे सुनसरी जिल्लाको दुहबीमा सर्वसाधारणको एउटा समूह कर्फ्युको अवज्ञा गर्दै सडकमा प्रवेश गरेपछि भयो।[१८] प्रत्यक्षदर्शीहरूका अनुसार, १५ देखि २० जना मानिसहरू राजमार्गमा बाँसहरू तेर्स्याउन (प्रहरीलाई मधेशीहरूको घरतिर जानबाट छेक्न) सडकमा प्रवेश गरेपछि कर्फ्यु लागेको क्षेत्रको सिमानामा तैनाथ करिब नेपाल प्रहरीका छजना बासिन्दाहरूसँग भिडे। प्रहरीका अनुसार, घटनाको समयमा १०० भन्दा बढी मानिसहरूले कर्फ्यु क्षेत्रमा र्‍याली निकाले र प्रहरीलाई ढुङ्गामुढा गर्न थाले। प्रहरीले भिडलाई तितरबितर पार्न २० देखि ३० मिटरको दूरीबाट .३०३ राइफलबाट करिब चार राउन्ड धातुको गोली हवाई फायर गर्‍यो।

यस समयमा भिड तितरबितर हुन थाल्यो। एक प्रत्यक्षदर्शीका अनुसार १० देखि १५ मिटरको दूरीबाट नेपाल प्रहरीका एक अधिकारीले मोहम्मद बिस्कुद मिया नाम गरेका एक मुस्लिम व्यक्तिलाई कुनै चेतावनीबिना गोली हान्दा उनी सडकको छेउमा एउटा चिया पसलअगाडि उभिरहेका थिए। ती पीडित सो पसलबाट दौडे र चिया पसलबाट करिब १०० मिटर पर पुगेपछि उनी ढले र रगत बगेर त्यहीँ उनको मृत्यु भयो। शवपरीक्षण प्रतिवेदनले "गोलीको घाउले गर्दा फोक्सोमा भएको रक्तस्रावको झड्का तथा चोट"लाई मृत्युको कारण भनी उल्लेख गरेको छ।

उनी प्रहरीद्वारा मारिएको भनी आरोप लगाउँदै एक व्यक्तिद्वारा एउटा जाहेरी दरखास्त दायर गरिएको छ तर यससम्बन्धी औपचारिक रूपमा अनुसन्धान सुरु गरिएको छैन। स्पष्टरूपमा जिम्मेवारी स्वीकार नगरी, जिल्ला प्रशासनले गृह मन्त्रालयसँग परामर्श गरेर पीडितको परिवारलाई क्षतिपूर्ति दिने तथा मृतकलाई सहिद घोषणा गर्ने वाचा गरेको छ।

प्रहरीद्वारा भएको घातक बलको प्रयोगको औचित्य साबित गर्ने गरी मोहम्मद बिस्कुद मियालाई गोली लागेको बेला प्रहरीप्रति वास्तविक, तत्काल तथा गम्भीर खतरा रहेको कुनै सङ्केत उच्चायुक्तको कार्यालयले पाएन। धातुको गोलीको प्रयोग आवश्यक पनि नरहेको र समानुपातिक पनि नभएको र यो बलको अत्यधिक प्रयोग सरह रहेको उच्चायुक्तको कार्यालयले निष्कर्ष निकाल्यो।

[१८] आदेशको समीक्षाले मृत्यु कर्फ्यु क्षेत्रभित्र भएको पुष्टि गर्दछ। आदेशको कार्यान्वयन गर्नका लागि गोली चलाउन प्रहरीलाई कुनै स्पष्ट अधिकार यसमा थिएन।